# खण्ड (क)
# कार्यदलको काम र प्राप्त सुझावहरू

## परिच्छेद १

### १. पृष्ठभूमि

### १.१ कार्यदल गठनको पृष्ठभूमि, औचित्य र आवश्यकता

२०८२ फागुन २१ मा सम्पन्न आमनिर्वाचनमा पार्टीले अनपेक्षित परिणाम व्यहोर्नु पऱ्यो । पार्टी अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र सचिवसहित केन्द्रीय सचिवालयका १९ मध्ये उम्मेदवार बन्नु भएका सबै १५ जना पराजित हुनु, लोकप्रिय मत झण्डै आधाले घट्नु र समग्र सिट सङ्ख्या पनि ७८ बाट २५ मा सीमित हुनु सामान्य विषय होइन । यस परिणामले हाम्रो पार्टी र कम्युनिष्ट आन्दोलनमा त गम्भीर धक्का पुऱ्याएको छ नै, भदौ २३/२४ गतेको घटनालाई विध्वंसात्मक बनाउन भूमिका खेल्ने शक्तिहरू नै निर्वाचनबाट विजयी हुन पुग्दा समग्र लोकतन्त्रकै सामु चुनौती थपिन पुगेको छ ।

हरेक निर्वाचनमा सफलताले पार्टी जीवनमा उत्साह र उर्जा प्रदान गर्छ भने पराजयले सिङ्गो पार्टी पङ्क्तिमा अन्योल र निराशा पैदा गर्छ । अझ अप्रत्यासित पराजयको पीडा असैह्य नै हुन्छ । निर्वाचनमा पराजयपश्चात् सिंगो पार्टी पंक्तिमा स्वाभाविक रूपमा निराशा पैदा भयो । पराजयको पीडाले सिर्जना गर्ने भावनात्मक परिस्थितिमा परिणामको तथ्यपरक र सम्यक विश्लेषण गर्नेभन्दा निराशा व्यक्त हुनु, आरोप/प्रत्यारोपको वातावरण बन्नु र एक हदसम्म पलायन देखा पर्नु स्वाभाविकै हो । हाम्रो पार्टीभित्र पनि यसप्रकारको अवस्था रह्यो ।

यस्तो अवस्थामा चुनावी परिणामका वस्तुगत कारणहरूको खोजी गर्नु, हाम्रो अपिलले जनताको मन जित्न किन सकेन भनेर समीक्षा गर्नु र कार्यकर्ताको मनोबल उच्च बनाएर पार्टी पङ्क्तिमा आशा जागृत गर्नु अपरिहार्य थियो ।

निर्वाचन सम्पन्न भएको केही दिनमै पार्टी अध्यक्षका पिताको दुःखद निधन भयो र उहाँ पितृशोकमा बस्नुपऱ्यो । उहाँ नियमित काममा फर्कन नपाउँदै सरकारले कार्की आयोगको प्रतिवेदनका नाममा पूर्वाग्रही, गैरकानूनी र अमानवीय ढङ्गले गिरफ्तार गऱ्यो । पार्टीपङ्क्ति यस प्रतिशोधपूर्ण गिरफ्तारीका विरूद्ध राजनीतिक र कानुनी सङ्घर्षमा होमिनु पऱ्यो । सरकारले विरूद्धमा कुनै प्रमाण जुटाउन नसकेपछि अध्यक्ष हिरासतमुक्त त हुनुभयो, तर हिरासतमै रहँदा स्वास्थ्यमा गम्भीर समस्या देखा परेकाले उहाँ लामो समय सघन उपचारमा रहनुपऱ्यो, जसका कारण समीक्षा बैठक समयमै बस्न सम्भव भएन । यद्यपि, केन्द्रीय निर्वाचन परिचालन कमिटीका तर्फबाट प्रारम्भिक समीक्षा प्रतिवेदन भने तयार गरिएको थियो । पार्टी अध्यक्षको स्वास्थ्यमा सुधार आएपछि २०८३ जेठ ४ गते उहाँको निजी निवासमा केन्द्रीय सचिवालयको आठौं बैठक बस्यो । गहन छलफलपश्चात् बैठकले निर्वाचनको समग्र समीक्षा र पार्टी पुनर्गठनको कार्ययोजना तयार पार्न कमरेड रामबहादुर थापाको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गऱ्यो । कार्यदलमा उपाध्यक्षद्वय विष्णुप्रसाद पौडेल र पृथ्वीसुब्बा गुरूङ, महासचिव शंकर पोखरेल, उपमहासचिव लेखराज भट्ट, सचिवहरू पद्मा अर्याल र भानुभक्त ढकाल तथा आठै भौगोलिक प्रदेशका इन्चार्जहरू छविलाल विश्वकर्मा, खगराज

अधिकारी, यामलाल कँडेल, शेरधन राई, राजन भट्टराई, महेश बस्नेत, लिलानाथ श्रेष्ठ र दामोदर भण्डारी रहनुभएको छ । कार्यदललाई, 'आमनिर्वाचन- २०८२ मा पार्टी पराजयको कारणसहितको समीक्षा र त्यसको जगमा पार्टीलाई वैचारिक, राजनीतिक र साङ्गठनिक रूपमा एकताबद्ध बनाउन पार्टी शुद्धीकरण, सुदृढीकरण र रूपान्तरणसहितको पार्टी पुनर्गठनको कार्ययोजना तयार पार्ने' जिम्मेवारी प्राप्त छ ।

### १.२ कार्यदलको कार्यादेश र कार्यविधि

कार्यदलको पहिलो बैठक २०८३ जेठ २५ गते पार्टी केन्द्रीय कार्यालयमा पार्टी अध्यक्षको प्रमुख आतिथ्य तथा संयोजक रामबहादुर थापाको अध्यक्षतामा सम्पन्न भयो । बैठकले शंकर पोखरेललाई कार्यदलको सदस्य सचिवको जिम्मेवारी प्रदान गर्‍यो । बैठकले अगुवा कार्यकर्ताहरूको सुझाव सङ्कलनका लागि कार्यविधि र तत्सम्बन्धी कार्यतालिका समेत स्वीकृत गर्‍यो । केन्द्रीय कार्यालयका तर्फबाट जारी गरिएको परिपत्रमा निर्वाचनको निराशाजनक परिणामका कारण, निर्वाचन पछिको पार्टीपङ्क्तिको मनस्थिति, गिरेको मनोबल उच्च बनाउने उपाय, जनतासँगको टुटेको सम्बन्ध जोड्ने विधि तथा पार्टी शुद्धीकरण, सुदृढीकरण र रूपान्तरणको ठोस योजनाबारे सुझाव माग गरिएको थियो । सुझाव सङ्कलनलाई व्यवस्थित गर्न समयसीमा तोक्न भनिएको थियो । छलफलको क्रममा प्राप्त सुझावसहितको प्रतिवेदन तयारीको जिम्मेवारी सम्बन्धित कमिटीलाई दिइएको थियो ।

### १.३ राष्ट्रव्यापी सुझाव सङ्कलन कार्य र प्रक्रिया

पार्टी कामको भौगोलिक र गैरभौगोलिक कामको क्षेत्रलाई १३ अलग-अलग समूहमा वर्गीकरण गरी सुझाव सङ्कलन गरिएको थियो । प्रदेशको भेला संयोजनको जिम्मेवारी सम्बन्धित प्रदेश इन्चार्ज र व्यवस्थापनको जिम्मेवारी प्रदेश कमिटीलाई दिइएको थियो । सम्पर्क समन्वय, जनसङ्गठन, केन्द्रीय विभाग, निकाय, सल्लाहकार परिषद् र प्रवास (भर्चुअल माध्यम) को भेला संयोजन केन्द्रीय कार्यालयको अगुवाइमा सम्बन्धित निकाय र संयन्त्रमार्फत गरिएको थियो । भेलाहरूमा सम्भव भएसम्म संयोजक र सदस्य सचिव सबै स्थानमा उपस्थित हुने तथा प्रदेश इन्चार्जहरू आफ्नो प्रदेशमा अनिवार्य उपस्थित हुने व्यवस्था गरिएको थियो । प्रदेशमा हुने भेलाहरूमा प्रदेशको जिम्मेवारीमा रहनुभएका केन्द्रीय सदस्य, प्रदेशका पदाधिकारी र जिल्ला पदाधिकारीको सहभागिता रहने गरी मापदण्ड बनाइएको थियो । जनसङ्गठनको हकमा इन्चार्ज र पदाधिकारीहरू तथा केन्द्रीय निकायको हकमा केन्द्रीय निकायका पदाधिकारी, विभाग प्रमुखहरू र सल्लाहकार परिषद् सदस्यलाई सहभागी बनाइएको थियो । केही प्रदेशले गएको निर्वाचनका पार्टी उम्मेदवारलाई र प्रदेश सचिवालयका सदस्यहरूलाई समेत सहभागी बनाएका थिए ।

सुझाव सङ्कलनको कार्यतालिका यसप्रकार रह्यो:

| | |
|---|---|
| बागमती प्रदेश | : जेठ ३० गते |
| कोशी प्रदेश | : असार २ गते |
| लुम्बिनी प्रदेश | : असार ४ गते |
| सुदूरपश्चिम प्रदेश | : असार ६ गते |
| कर्णाली प्रदेश | : असार ८ गते |
| गण्डकी प्रदेश | : असार ११ गते |

| | |
|---|---|
| मधेस प्रदेश | : असार १३ गते |
| राजधानी प्रदेश | : असार १६ गते |
| सम्पर्क विशेष | : असार १७ गते |
| जनसङ्गठन समन्वय | : असार १८ गते |
| केन्द्रीय निकाय र विभाग | : असार १९ गते |
| समग्र प्रवास (भर्चुअल) | : असार २२ गते |
| सल्लाहकार परिषद् | : असार २३ गते |

२०८३ जेठ ३० गते बागमती प्रदेशबाट सुरू भएको सुझाव सङ्कलन कार्य असार २३ गते सल्लाहकार परिषद्को सुझाव संकलनसँगै सम्पन्न भयो। बागमती बाहेकका सबै भेलालाई पार्टी अध्यक्षले कहीँ भर्चुअल माध्यमबाट त कही भौतिक रूपमा उपस्थित भएर सम्बोधन गर्नुभएको थियो।

## परिच्छेद २

## २. आमनिर्वाचन २०८२ को परिणाम र समीक्षा

### २.१ आमनिर्वाचन २०८२ को मतपरिणामको विश्लेषण

आमनिर्वाचन २०८२ नियमित, आवधिक र संविधानले परिकल्पना गरे अनुरूपको चुनाव थिएन। यो त भदौ २३-२४ को हिंसा र विध्वंश, त्यसपछि संविधान मिचेर भएको सरकार गठन, त्यसको सिफारिसमा भएको प्रतिनिधिसभाको असंवैधानिक विघटन र तत्पश्चात् उत्पन्न असामान्य परिस्थितिमा आयोजना गरिएको निर्वाचन थियो। त्यसैले फागुन २१ को निर्वाचन र त्यसबाट उत्पन्न परिणामलाई हामीले यसै सन्दर्भ, पृष्ठभूमि र कार्य-कारण सम्बन्धमा आबद्ध गरेर विश्लेषण गर्नुपर्दछ। हाम्रो पार्टीले सुशीला कार्की नेतृत्वको सरकार र त्यसको नेतृत्वमा भएको प्रतिनिधिसभा विघटन दुबैलाई असंवैधानिक र प्रतिगामी कदम ठहर गरेको थियो। प्रतिनिधिसभाको पुनर्स्थापनाका माध्यमबाट प्रतिगमनलाई सच्याउँदै अगाडि बढ्नु पर्ने पार्टीको मान्यता थियो। तर, अन्य प्रमुख दलहरू निर्वाचनकै माध्यमबाट लोकतन्त्र पुनःस्थापित हुन्छ भन्ने भ्रमपूर्ण अडानमा उभिएपछि हाम्रो पार्टीका लागि निर्वाचनमा सहभागी हुनु बाध्यात्मक विकल्प बन्न पुग्यो। पार्टीले मनाङ (जहाँ प्रस्तावित उम्मेदवारले प्राविधिक कारणवश उम्मेदवारी दर्ता गरेनन्) र रूकुम (पश्चिम) बाहेक देशका सबै निर्वाचन क्षेत्रमा प्रत्यक्ष र समानुपातिकतर्फ आफ्ना उम्मेद्वार खडा गर्‍यो। सुरक्षा जोखिम र अन्योलका कारण समानुपातिक उम्मेदवारको सूची तयार गर्न छोटो प्रक्रिया अपनाइए पनि प्रत्यक्षतर्फ तल्लो कमिटीकै सिफारिसलाई आधार बनाएर उम्मेदवार तय गरिएको थियो। निर्वाचनमा डिजिटल सञ्चार र घरदैलोमा जोड दिइएको थियो। निर्वाचन अभियानमा साना भेला र बैठकहरूमा जोड दिइएको थियो। एकाध अपवाद बाहेक मतदान शान्तिपूर्ण रूपमा नै सम्पन्न भयो।

तर निर्वाचन परिणाम भने दुःखद र प्रतिकूल रह्यो।

**आमनिर्वाचन २०८२ को आधिकारिक दलगत परिणाम तालिकाः**

| क्र.स. | दलको नाम | प्रत्यक्ष सिट | समानुपातिक सिट | कुल सिट | संसद्मा स्थान/स्थिति |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | १२५ | ५७ | १८२ | पहिलो दल (दुई-तिहाइ नजिक) |
| २ | नेपाली कांग्रेस | १८ | २० | ३८ | दोस्रो दल (५१ सिट गुमेको) |
| ३ | नेकपा (एमाले) | ९ | १६ | २५ | तेस्रो दल (५३ सिट गुमेको) |
| ४ | नेपाली कम्युनिष्ट पार्टी (नेकपा) | ८ | ९ | १७ | चौथो दल (२५ सिट गुमेको) |
| ५ | श्रम संस्कृति पार्टी | ३ | ४ | ७ | पाँचौं दल (नयाँ उदय) |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) | १ | ४ | ५ | छैटौं दल (९ सिट गुमेको) |
| ७ | स्वतन्त्र (निर्दलीय) | १ | ० | १ | म्याग्दीबाट विजयी |
| - | कुल | १६५ | ११० | २७५ | ६ दल मात्र राष्ट्रिय दल |

*(**स्रोतः** निर्वाचन आयोगको आधिकारिक परिणाम र पार्टीको निर्वाचन परिचालन कमिटीको प्रतिवेदन)*

**२.२ मतपरिणामका केही प्रमुख प्रवृत्तिहरूः**

१. **साना र क्षेत्रीय दलहरूको उपस्थिति शून्यः** २०४८ देखि संसदमा रहेका नेमकिपा र राजमो, २०६४ पछि मधेसको राजनीतिमा हावी भएका जसपा र लोसपा तथा सरकारमा सहभागी भइसकेका जनमत र नाउपाजस्ता कुनै पनि दलले निर्वाचनमा एक सिट पनि जित्न सकेनन् ।

२. **व्यापक जमानत जफतः** प्रत्यक्षतर्फका कूल उम्मेदवारमध्ये ८५ प्रतिशत (२,८९० जना) को जमानत जफत भयो । यसमा प्रमुख चार दलका १७९ उम्मेदवार (एमालेका ४९, रास्वपाका १४, कांग्रेसका १७, नेकपाका ९९) समेत रहे ।

३. **युवाको व्यापक उपस्थितिः** संसदमा प्रत्यक्ष र समानुपातिक गरी १०२ जना (३८ प्रतिशत) ४० वर्षमुनिका युवाहरू निर्वाचित भए ।

४. **एमाले उम्मेदवारको प्रतिस्पर्धाको अवस्थाः** विजयी ९ उम्मेद्वार बाहेक नेकपा (एमाले)का उम्मेद्वारहरू ४२ स्थानमा प्रमुख प्रतिस्पर्धी, ६३ स्थानमा तेस्रो, ४२ स्थानमा चौथो, ६

स्थानमा पाँचौं र ३ स्थानमा सातौं स्थानमा रहे । ९ वटा निर्वाचन क्षेत्रमा पार्टीको सङ्गठित सदस्यताभन्दा कम समानुपातिक मत प्राप्त भयो ।

## २.३ भदौ २३/२४ का घटनाक्रम र निर्वाचन

२०८२ भदौ २३/२४ का घटनाक्रमका सम्बन्धमा पार्टी केन्द्रीय सचिवालय (भदौ २६), केन्द्रीय कमिटी (असोज २९-३१) र ११ औं राष्ट्रिय महाधिवेशन (मङ्सिर २७- पुस ३) का तर्फबाट स्पष्ट र वस्तुनिष्ठ विश्लेषण गरिसकिएको छ । त्यस यताको राजनीतिक परिस्थिति र सार्वजनिक भइरहेका तथ्यहरूले ती घटनाक्रम 'सरकार परिवर्तनका लागि मात्र होइन, मुलुकको राष्ट्रियता, लोकतन्त्र, संविधान, अर्थतन्त्र, संस्कृति र राष्ट्रिय एकतालाई ध्वस्त पार्ने सुनियोजित षडयन्त्रका अङ्ग थिए ।' भन्ने पार्टी विश्लेषणलाई पुनर्पुष्टि गरेका छन् । निर्वाचनलाई हामीले यसैको परिप्रेक्ष्यमा समीक्षा र विश्लेषण गर्नुपर्दछ ।

संविधानले नागरिकका वाक र अभिव्यक्ति स्वतन्त्रता सहित शान्तिपूर्ण रूपमा भेला हुने, विरोध गर्ने र लोकतान्त्रिक माध्यमबाट सरकार परिवर्तन गर्ने अधिकार प्रत्याभूत गरेको छ । नेपालले छोटो अवधिमा लोकतन्त्र स्थापना, द्वन्द्वको शान्तिपूर्ण समाधान, पूर्वाधार निर्माण, सामाजिक न्याय र सुरक्षा, भूकम्पपछिको पुनर्निर्माण एवं राष्ट्रिय स्वाभिमानको रक्षा जस्ता प्रश्नमा ऐतिहासिक उपलब्धि हासिल गर्दै आएको छ । तर कतिपय विषयमा ध्यान पुग्न नसकेको या कमी रहन गएको यथार्थलाई इन्कार गर्न सकिँदैन । त्यसले समाजमा असन्तुष्टि सिर्जना गरेको थियो भने पनि तिनलाई लोकतान्त्रिक विधि र शान्तिपूर्ण माध्यमबाट समाधान गर्न सकिन्थ्यो । तर गतः वर्ष भदौमा घटित घटनाहरू त्यस रूपमा अगाडि बढेनन् ।

नव युवाका केही समूहहरूले सामाजिक सञ्जालहरूको निर्बाध सञ्चालन र सुशासन लगायत विषयहरूमा शान्तिपूर्ण प्रदर्शनको अनुमति मागेका थिए । आयोजकहरूले प्रदर्शन शान्तिपूर्ण, कानुनको दायरामा र मर्यादित हुने भनी बचन दिए अनुरूप प्रशासनले प्रदर्शनको अनुमति दिएको थियो । त्यसै विश्वासमा सुरक्षा उपस्थिति पनि न्यून गरिएको थियो । तर न आयोजकहरूलाई न त सरकारलाई नै भित्रभित्र भइरहेको ठुलो षडयन्त्रको कुनै आँकलन थियो । माइतीघरबाट सुरू भएको शान्तिपूर्ण प्रदर्शनभित्र घुशपैठ गरेर विभिन्न आपराधिक समूहहरूले योजनाबद्ध रूपमा त्यसलाई अनियन्त्रित, अराजक र हिंसात्मक स्वरूपमा बदले । कार्यक्रममा घुशपैठ भएपछि आयोजकहरूले कार्यक्रम स्थगनको घोषणा गरे । तर आपराधिक समूहहरूले निर्दोष युवाहरूलाई जबर्जस्ती मानव ढाल बनाएर संसद भवनमा आक्रमण गर्न सुरू गरे । योजनाबद्ध रूपमा सिर्जना गरिएको उत्तेजना र आक्रमण बढ्दै गइसकेपछि भएको प्रहरीको बल प्रयोगमा नयाँ बानेश्वरमा १७ जना युवाहरूको ज्यान जाने दुःखद परिस्थिति सिर्जना भयो ।

त्यसपछिको असहज परिस्थितिमा बसेको मन्त्रिपरिषद्को बैठकले घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै त्यसको यथार्थ छानबिनका लागि न्यायिक आयोग गठन गर्ने, सामाजिक सञ्जालमाथि लगाइएको बन्देज फुकुवा गर्ने र घाइतेहरूको निःशुल्क उपचार गर्ने निर्णय गरेको थियो । घटनाप्रति नैतिक जवाफदेही लिँदै गृहमन्त्रीले राजिनामा गरिसक्नु भएको थियो । अप्रत्यासित र दुःखद घटनापछि सरकारले चालेको कदम गंभीर र संवेदनशील थियो ।

तर आन्दोलन अपहरणकर्ताहरूको उद्देश्य बेग्लै थियो । भोलिपल्ट राष्ट्रपति भवन, सिँहदरबार, संसद भवन, सर्वोच्च अदालत, लोकतान्त्रिक पार्टीका कार्यालयहरू, शहीद र अग्रजहरूका स्मारक एवं सार्वजनिक र निजी सम्पत्तिमाथि जुन अनुपातको आगजनी, विध्वंश र आक्रमण भयो, नेपालको इतिहासकै त्यो कालो अध्याय थियो । प्रधानमन्त्रीले राजिनामा गरिसकेपछि घटित यी समग्र घटनाक्रमले स्पष्ट पार्छ, भदौ २४ को त्यो त्रासदी अघिल्लो दिन नव युवाहरूको ज्यान गएको घटनाबाट सिर्जित कुनै आवेग या आक्रोशको परिणाम थिएन । त्यो त राष्ट्रियता, लोकतन्त्र र संविधानको प्रगतिशील 'कोर्स' लाई उल्ट्याएर मुलुकलाई सर्वसत्तावाद, अराजकता र भूराजनीतिक द्वन्द्वमा होम्ने घातक योजनाको मूर्त रूप थियो ।

शान्तिपूर्ण भनेर अनुमति लिएको प्रदर्शन कसरी हिंसात्मक बन्यो र त्यसका निम्ति को जिम्मेवार छन् भन्नेबारे गहिरो छानबिन हुनुपर्छ । तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई घटनामा दोषी भन्ने झुठा आरोप लगाउँदै दुराग्रह, दूषित मनशाय र प्रतिशोधपूर्ण ढङ्गले गिरफ्तार गर्ने र मुद्दा चलाउने कुचेष्टा गरियो । तर त्यस दिनको यथार्थ र त्यस घटनामा सुरक्षा निकायको भूमिका सम्बन्धी प्रतिवेदनलाई भने आजसम्म गुपचुप राखिएको छ । भदौ २४ का विध्वंशका आरोपीहरूलाई जुन ढङ्गले उन्मुक्ति दिने र उनीहरू विरूद्ध सुरू भएका अनुसन्धान एवं अभियोजनका प्रक्रियालाई जसरी रोक्ने काम भएको छ, यसले राजनीतिको अपराधीकरणलाई संस्थागत गरेको छ । निरङ्कुश राजतन्त्रलाई शान्तिपूर्ण आन्दोलनमार्फत् अन्त्य गरेको र दश वर्षे सशस्त्र द्वन्द्वलाई वार्तामार्फत् शान्तिमा बदलेको नेपालमा गतः वर्ष विध्वंशलाई 'जायज' र हिंसालाई 'बैध' बनाउने गरी बसाल्न खोजिएको नजिर खतरनाक छ ।

नेपाल राज्यका मुख्य धरोहर र लोकतन्त्रमाथि आक्रमण हुँदा राज्यका सुरक्षा निकायले त्यसलाई किन रोक्न सकेनन् भन्ने प्रश्नको यथोचित उत्तर खोजिनु आवश्यक छ ।

यसै भयावह परिस्थितिको बिचमा निर्वाचनको घोषणा भयो । हामीले जेलबाट भागेका हजारौं कैदीहरू बाहिरै रहेको, लुटिएका सयौं हतियार फिर्ता नभएको, अध्यक्ष लगायत नेताहरूलाई निर्बाध राजनीतिक गतिविधि गर्न बन्देज लगाइएको र जनतामा भय एवं आतङ्कको स्थिति रहेको बताउँदै निर्वाचनको वातावरण बन्न नसकेको ध्यानाकर्षण गराइरह्यौं । प्रतिनिधिसभाको पुनर्स्थापना मार्फत् मुलुकलाई संविधानको मार्गमा फर्काइसकेपछि मात्र निर्वाचनमा जानु पर्ने अडान राख्यौं । तर अन्य दलहरूलाई यसमा सहमत गराउन सकिएन । भदौका घटनाक्रमलाई हेर्ने र मुलुकलाई लोकतान्त्रिक निकास दिने मामलामा राजनीतिक दलहरूको गलत बुझाइ नै यस्तो बिन्दु बन्न पुग्यो, जसले मुलुक एउटा असामान्य परिस्थितिका बिच निर्वाचनतिर अग्रसर भयो र निर्वाचनले भदौको विध्वंशलाई एक ढङ्गले बैधता दियो ।

विभिन्न प्रश्न, सन्देह र असहमतिका बिचमा पनि लोकतन्त्रप्रतिको आफ्नो अविचलित निष्ठाका कारण पार्टी निर्वाचनमा सहभागी भयो । तर असोजदेखि नै पार्टीले सुरू गरेको प्रतिवाद र पार्टीको पुनर्जागरणको प्रयास लोकतन्त्रको रक्षा र निर्वाचन मार्फत् लोकतान्त्रिक शक्तिहरूको विजयका लागि पर्याप्त हुन सकेन ।

आफै सहभागी यस निर्वाचनको परिणामलाई हामीले स्वीकार गरेका छौं । निर्वाचित शक्तिहरूलाई बधाई दिएका छौं र नियमित संसदीय अभ्यासमा सहभागी छौं । तर यसको तात्पर्य निर्वाचन

कस्तो परिस्थितिमा भएको थियो र त्यसले सही निकास दिन सक्यो कि सकेन भन्ने विश्लेषणलाई सीमित भने गर्न सक्दैन ।

## २.४ निर्वाचनमा पराजयका प्रमुख कारणहरू

सुझाव संकलनका क्रममा प्राप्त भएका सुझावका आधारमा विश्लेषण गर्दा निर्वाचनको पराजयका प्रमुख कारणहरू यसप्रकार रहेका छन्:

### क) भदौ २३ र २४ को घटनाको बहुआयामिक प्रभाव

भदौ २३ को 'जेनजी आन्दोलन' मागप्रति हाम्रो पार्टी र सरकारको विमति थिएन । यथार्थमा, नवयुवाहरूले सरकारसमक्ष औपचारिक रूपमा आफ्नो माग समेत राखेका थिएनन् । उनीहरूले शान्तिपूर्ण प्रदर्शन गर्ने भनेर स्थानीय प्रशासनसँग माग गरेका थिए । तर आन्दोलनमा भएको घुसपैठका कारणले नै भदौ २३ मा गम्भीर मानवीय क्षति भएको हो भन्ने तथ्य जनस्तरमा स्थापित हुन सकेन । उक्त घटनामा नवयुवाहरूको हताहतीलाई षडयन्त्रकारीले आक्रोशमा बदल्ने काम गरे । राज्यका सुरक्षा निकायहरू त्यसलाई रोक्ने कुरामा सक्षम र जिम्मेवार देखिएनन् । स्थितिलाई नियन्त्रण गर्न सहज होला भनेर प्रधानमन्त्रीले दिएको राजीनामा सँगै राजनीतिक षडयन्त्रलाई वैधाता दिने प्रक्रिया अघि बढाइयो । यस घटनाबाट समाजमा स्थापित दलहरूप्रति चरम नकारात्मक धारणा फैलाउने काम भयो । पार्टीले उक्त घटनालाई 'पूर्वनियोजित षड्यन्त्र' का रूपमा विश्लेषण गऱ्यो, तर त्यो दृष्टिकोण जनस्तरमा स्थापित हुन सकेन । निर्वाचनको मौन अवधिमा गलत मनशायका साथ बीबीसीद्वारा प्रसारित वृत्तचित्रले समेत जनमतलाई हाम्रो विपक्षमा भड्काउन सहयोग पुऱ्यायो । पार्टीमाथि चौतर्फी प्रहार भइरह्यो । आमनिर्वाचन २०८२ भदौ २३ र २४ को घटना र को प्रधानमन्त्री हुने विषय मै प्रमुख रूपमा केन्द्रित बन्न गयो र यस मुद्दामा सिङ्गो पार्टी पङ्क्ति प्रतिरक्षात्मक बन्न पुग्यो ।

### ख) भूराजनीतिक चलखेल र डिजिटल एल्गोरिदमको प्रभाव

भदौ २३ र २४ को घटनामा 'बारबरा फाउन्डेसन', 'हामी नेपाल' र 'टीओबी', 'युएसयुसी' जस्ता बाह्य तार जोडिएका समूहहरूको शंकास्पद भूमिका देखियो । चीनसँगको व्यापार तथा पारवहन सम्झौता, चुच्चे नक्सा, दैलेखको ग्याँस तथा धौवादी फलाम खानी अन्वेषणजस्ता देशभक्तिपूर्ण अडानका कारण बढेको भूराजनीतिक चलखेलको शिकार हामी बन्न पुग्यौँ । विध्वंशका पक्षधरहरूले डिस्कर्ड (Discord) जस्ता नयाँ सञ्जाल र एआई प्रविधिका माध्यमबाट डिजिटल एल्गोरिदम प्रयोग गरे, जसलाई हामीले चिर्न सकेनौँ । हामीले लिएका देशभक्तिको अडान, भौतिक विकास र सामाजिक न्यायका एजेन्डाहरू पूर्णतः ओझेलमा परे । चुनावको अवधिमा समेत डिजिटल मैदानमा पार्टीको उपस्थिति अत्यन्त कमजोर रहन पुग्यो । निर्वाचनमा यसको प्रभाव निर्णायक रूपमा पर्न गयो ।

### ग) लोकतान्त्रिक शक्तिहरू बिचको बेमेलको प्रभाव

संविधान निर्माण र संविधान जारी गर्दाका समयमा समेत हाम्रो मुलुक र पार्टीका विरूद्धमा बाह्य हस्तक्षेप अझ नाङ्गो रूपमा भएको थियो । तर त्यतिबेला संविधानका पक्षधर प्रमुख दलहरू एक ठाउँमा थिए र सरकारको पक्षमा जनताको सक्रिय साथ र समर्थन रहेको थियो । तर यतिबेला

दलहरू एकआपसमा विभाजित अवस्थामा रहे । कतिपय दलहरूले यसलाई नेकपा (एमाले) र त्यसको नेतृत्वको समस्याका रूपमा विश्लेषण गरे र जेन्जी आन्दोलनको भावनात्मक लाभ आफूहरूले पाउने आशामा तुष्टीकरणको नीति अवलम्बन गरे । समाजमा समेत सरकारप्रति केही स्वाभाविक र कतिपय प्रायोजित असन्तुष्टिहरू थिए । भदौ २३/२४ को घटनाका बेला सरकारको नेतृत्व हाम्रो हातमा हुनु र त्यस विध्वंशको प्रतिवादमा पनि पार्टी एक्लै जसो अग्र मोर्चामा उभिएको हुनाले हामीमाथि सर्वाधिक प्रहार भइरहेको अवस्था थियो । यस प्रकारको अवस्थाले पनि पार्टीको नीति र एजेण्डालाई चुनावका समयमा जनतामा लगेर स्थापित गर्न सम्भव भएन । चुनावका समयमा हाम्रो पार्टीपङ्क्ति रक्षात्मक अवस्थामा रहनु, विपक्षीहरू आक्रमक हुनु एवं सूचना प्रविधिको प्रयोगमा हामी पछि पर्नु निर्वाचनमा पराजयको कारण बन्न पुग्यो ।

**घ) राजनीतिक अस्थिरता र छिटोछिटो बदलिने समीकरणको असर**

राजनीतिक अस्थिरता र त्यसले सिर्जना गर्ने नीतिगत असङ्गतिको मूल्य नेपालले चर्को गरी चुक्ता गर्नु परिरहेको छ । २०७४ को आमनिर्वाचनपछि बनेको दुई तिहाइको सरकारले राष्ट्रिय हित र स्वाभिमानको रक्षा, संविधानको कार्यान्वयन, राजनीतिक असहमतिहरूको समाधान, सामाजिक न्याय, पूर्वाधार निर्माण, भूकम्पपछिको पुनर्निर्माण र मुलुकको छवि अन्तर्राष्ट्रिय रूपमा बलियो गरी स्थापित गर्ने मामलामा अत्यन्त महत्वपूर्ण र दूरगामी महत्वका कामहरू गरेको थियो । तर नेकपाको विभाजनसँगै ती उपलव्धिहरूलाई छायामा पार्ने काम भयो । दुई तिहाई मत जोगाउन नसकेको आरोपको तथ्यसम्मत खण्डन र यथार्थ स्थापित गर्न नसक्दा समाजमा निराशा फैलाउन यसले मद्दत पुऱ्यायो । २०७९ को निर्वाचनमा कुनै पार्टीले पनि बहुमत हासिल गर्न सकेनन्, हाम्रा विरुद्ध चुनावी गठबन्धन गरेका ६ दलले समेत । त्यस स्थितिमा मुलुकलाई राजनीतिक निकास दिन, राजनीतिक शक्ति सन्तुलनलाई अनुकूल बनाउन र निकास दिन हाम्रो पार्टी पनि तीन पटक सत्ता समीकरणमा सहभागी भयो । उद्देश्य सकारात्मक र परिणाम केही मात्रामा अनुकूल प्राप्त भएको भए पनि एउटै संसदीय कार्यकालभित्र भएका निरन्तरका अस्थिर समीकरणहरूले समाजमा सबै पार्टीहरू उस्तै हुन् भन्ने भ्रम छर्न र विपक्षीहरूलाई स्थापित राजनीतिक पार्टीहरूका विरूद्ध जनमत निर्माण गर्न सहयोग पुगेको देखिन्छ । निर्वाचनमा यस विषयले पनि गंभीर प्रभाव पारेको छ । नेकपाकालको अन्तरसंघर्ष, पार्टी विभाजनपछिका अराजनीतिक प्रहार र कांग्रेससँगको सहकार्यको मुख्य एजेन्डा बनेको संविधान संशोधनको प्रतिबद्धतामा सामान्य गृहकार्य पनि हुन नसक्नुले पनि नकारात्मक प्रभाव पारेको देखिन्छ ।

**ङ) आवश्यकता र आकांक्षामा भएको वृद्धि र आयस्रोत बिचको असन्तुलन**

बहुदलीय व्यवस्थापछि भौतिक पूर्वाधार, सामाजिक विकास तथा सामाजिक सुरक्षा क्षेत्रमा भएका उल्लेखनीय कामहरूले नागरिकहरूको जीवनस्तर र आकांक्षामा उल्लेख्य वृद्धि गरिदिएको छ । तर सोहीअनुरूप रोजागारी/स्वरोजगारका अवसरहरू वृद्धि नहुँदा उनीहरूको आयमा भने अपेक्षित बृद्धि हुन सकेको छैन । परम्परागत कृषि क्षेत्रबाट विमुख भएको नयाँ पुस्ता सहरतर्फ बसाइँसराइँ गर्दा सहरी बेरोजगारी समस्या तीव्र रूपमा बढेको छ । सूचना प्रविधिको विकासले उपभोक्तावादी संस्कृतिको विकास एवं विकसित मुलुकमा समाजसँग तुलना गर्ने प्रवृत्ति बढ्दै गएको छ, तर त्यस अनुरूपको वैध आम्दानीको स्रोत बढेको छैन । बरू विकृत पुँजीवादका कारण समाजमा भ्रष्टीकरण, कालोबजारी र तस्करीतन्त्र बढेको छ । युवाहरूको वैदेशिक प्रवासन तीव्र बनेको छ । शिक्षा र

स्वास्थ्यमा निजी क्षेत्रको तीव्र विस्तार र सार्वजनिक क्षेत्रले प्रदान गर्ने सेवाको गुणस्तर कमजोर भएका कारण सर्वसाधारणले ती क्षेत्रका लागि चर्को मूल्य चुकाउनु परेको छ। हामीले स्टार्ट अप र नवप्रवर्तनमार्फत् युवा स्वरोजगारी बढाउने लगायतका प्रयत्न गर्दै आयौं, तर ती प्रयासहरू पर्याप्त हुन सकेका छैनन्। स्वास्थ्य बिमा लगायत विभिन्न माध्यमबाट शिक्षा र स्वास्थ्य सम्बन्धी मौलिक हक प्रत्याभूत गर्ने हाम्रो प्रयासले पनि जनअपेक्षालाई पूर्ण रूपले संबोधन गर्न सकिरहेको छैन। पपुलिस्टहरू र अन्य विपक्षीहरूले भएका उपलब्धिलाई निषेध गर्ने, समाजमा 'केही भएन' भन्ने नकारात्मक मनोविज्ञान निर्माण गर्ने, वाह्य प्रवासनको विश्वव्यापी प्रवृत्तिलाई अस्वीकार गर्दै यसलाई सरकारको असफलता र 'अपराध' का रूपमा चित्रण गर्ने र आफूहरू सरकारमा आउनासाथ विदेशमा रहेका युवाहरूलाई तत्कालै स्वदेश फर्काउने जस्ता असंभव र हावादारी आश्वासनहरू बाँडे। स्वदेशका र वाध्यात्मक कारणले बाहिरिएका युवाहरूको मनोविज्ञानलाई दिग्भ्रमित र दुरूपयोग गर्न सफल भए।

**च) नयाँ र पुराना, युवा र पाको उमेर समूह बिचको विभाजनकारी भाष्य**

राजनीतिक विचारहरू पुराना हुँदैनन्, तिनीहरू समयक्रममा अद्यावधिक हुँदै अगाडि बढ्छन्। राजनीतिक दलहरू पनि आफैमा नयाँ या पुराना हुँदैनन्, उनीहरूले बोक्ने विचार र समाजमा तिनको भूमिकाले तिनको सान्दर्भिकता या असान्दर्भिकता स्थापित हुन्छ। राष्ट्र निर्माणका लागि अन्तरपुस्ता संयोजन अत्यन्त महत्वपूर्ण विषय हो। राष्ट्र निर्माणमा युवा पुस्ताको उर्जा र जोश जति महत्वपूर्ण हुन्छ, अघिल्लो पुस्ताको अनुभव र परिपक्वता पनि उत्ति नै महत्वपूर्ण हुन्छ। तर गतः वर्ष २३ र २४ को घटना पश्चात् नेपाली समाजमा 'नयाँ' र 'पुरानो'को भाष्य अत्यन्त नकारात्मक र हानीकारक ढङ्गले अगाडि बढ्यो। लोकतन्त्र स्थापित गर्ने उद्देश्यले राणाकालमा स्थापित भएका, आजीवन त्यसका लागि लडेका र लोकतन्त्र स्थापनामा निर्णायक भूमिका खेलेका राजनीतिक दलहरू र तिनका नेताहरूलाई 'पुराना' र 'असफल' भनेर चित्रित गर्दै, यिनै राजनीतिक दल र नेतृत्वको अगुवाइमा नेपालले हासिल गरेका उपलब्धिलाई होच्याउँदै र निषेध गर्दै 'नयाँ नेतृत्व' को भाष्य जबर्जस्त स्थापित गरियो। हामीले यसलाई समयमै चिर्न नसक्नु पनि प्रतिकुल निर्वाचन परिणामको कारण बन्न पुग्यो।

**छ) जनगुनासो र सम्बोधन**

अस्थिर राजनीति र सत्ता समीकरणका कारण पार्टीका कतिपय घोषित नीति र कार्यक्रम लागू गर्न असहजता उत्पन्न भयो। बजेट निर्माणमा सन्तुलन कायम हुन नसकेको गुनासो रह्यो। बारम्बारको प्रयासका बाबजुद दैनिक सेवा प्रवाहमा ढिलासुस्ती कायम रहनु, शिक्षक, कर्मचारीका उचित माग, रासायनिक मलको आपूर्ति र उखु तथा दुग्ध उत्पादक किसानले पाउने अनुदान र मूल्य जस्ता विषयमा पनि गुनासा देखा परे। भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या समाधान, सङ्घीय शिक्षा ऐन, प्रहरी ऐन र निजामती सेवा ऐन अन्तिम अवस्थामा पुगेर पनि पारित हुन या कार्यान्वयन हुन पाएनन्। सामाजिक सञ्जाललाई नियमसम्मत् दर्ता गर्न र यसको दुरूपयोग मार्फत् भइरहेका कतिपय अपराधलाई नियन्त्रण गर्न खोज्नु आफैमा गलत थिएन। तर यही विषयलाई लिएर युवापङ्क्तिमा आक्रोश बढाउने र भदौ २३ गतेको प्रदर्शनको निमित्त कारण बनाउने काम भयो।

**ज)** **आन्तरिक असन्तुष्टि**

पूर्व राष्ट्रपतिको पार्टी सदस्यता नवीकरण सम्बन्धी विवाद, विधान महाधिवेशनका क्रममा उत्पन्न बहस र निर्वाचनको सँघारमा पार्टीको ११औं महाधिवेशनमा भएको प्यानलगत पदीय प्रतिस्पर्धा आदिले पार्टी पङ्क्तिमा नजानिदो गरी मनोवैज्ञानिक विभाजनको अवस्था बन्न पुगेको थियो । लामो समयदेखि जिम्मेवारीविहीन अवस्थामा रहेका र महाधिवेशनमा पराजित कमरेडहरूलाई कामको यथोचित जिम्मेवारी दिन नसक्दा निर्वाचनमा पार्टीको समग्र उर्जाको व्यवस्थित सदुपयोग हुन सकेन । यसको कुनै न कुनै असर निर्वाचनमा परेको देख्न सकिन्छ । केही स्थानमा उम्मेदवार चयनमा भएका विवाद, आलोचना र तल्लो कमिटीमा परेको असरले पनि निर्वाचनलाई प्रभावित गरेको छ । कतिपय ठाउँमा भूगोलमा खटिनेभन्दा नेतृत्वको वरिपरी घुम्नेले टिकटमा प्राथमिकता पाएको समेत गुनासो देखा पर्‍यो । यसरी नै विगतका निर्वाचनमा अन्तर्घात गर्नेहरूलाई कारबाही नहुँदा देखिएको सङ्गठनात्मक अराजकता र जे गर्दा पनि हुन्छ भन्ने मानसिकता पनि चुनौती बन्न पुगेको छ ।

## २.५ चुनावी पराजयले पार्टी काम र कार्यकर्तामा पारेको असर

भदौ २३ र २४ को घटनाले रक्षात्मक बनेको पार्टी पङ्क्ति निर्वाचनमा भएको पराजयबाट निराश बनेको छ। पार्टी काममा निष्क्रियता बढेको छ र एकाध ठाउँमा पलायनताको प्रवृत्ति पनि देखापरेको छ । यस परिस्थितिबाट बाहिर निक्लन पार्टी नयाँ ढंगले अघि बढोस् भन्ने पार्टी पङ्क्तिको चाहना छ ।

निर्वाचनको परिणामले पार्टी काम र कार्यकर्तामा परेको असरलाई यसरी उल्लेख गर्न सकिन्छः

१. **सदस्यता नवीकरणमा उदासीनताः** आमनिर्वाचन पछि सुरू भएको पार्टी सदस्यता नवीकरणको काम सुस्त र कमजोर छ । कतिपयले यथास्थितिमा नवीकरण नगर्ने सोच बनाएको पाइन्छ ।

२. **कमिटी प्रणाली र पार्टी काममा शिथिलताः** निर्वाचनपछि निर्वाचन समीक्षा कामको प्राथमिकता बन्नु पर्दथ्यो । पार्टीले चैत महिनाभरिमा निर्वाचनको समीक्षा गरेर पार्टी केन्द्रमा पठाउन भनेर निर्देशन समेत दिइएको थियो । तर पार्टीपङ्क्तिमा समीक्षाको काममा गम्भीर उदासिनता देखियो । नियमित सङ्गठनात्मक काम अवरूद्ध जस्तै बनेको छ ।

३. **प्रतिरोधी क्षमतामा ह्रासः** पार्टी कार्यकर्तामा पार्टी नीति एवं नेतृत्वको प्रतिरक्षा गर्ने प्रवृत्तिमा ह्रास आएको छ । सामाजिक संजालमा पार्टीपङ्क्तिको उपस्थिति कमजोर बनेको छ । सरकारका गलत काम र क्रियाकलापको विरोध र भण्डाफोर गर्ने पार्टी निर्णय समेत प्रभावकारी रूपमा कार्यान्वयनमा जान सकेको छैन । पार्टी अध्यक्षको गैरकानूनी र अमानवीय गिरफ्तारी विरूद्धको आन्दोलनमा समेत सोचेअनुरूपको सहभागिता जुट्न सकेन । पार्टी उपाध्यक्षको गैरकानूनी गिरफ्तारीका विरूद्धमा पार्टीपङ्क्तिको राजनीतिक प्रतिवाद समेत निकै कमजोर देखियो ।

४. **दोहोरो चरित्र र अवसरवादः** निर्वाचनको समय र निर्वाचनपछि कतिपय कार्यकर्तामा दोहोरो सम्पर्क र दोहोरो सदस्यता लिने असरवादी प्रवृत्ति देखिएको छ । निर्वाचनमा पार्टीलाई भोट नहाल्ने तर पार्टीमै बसिरहने प्रवृत्तिले पार्टी जीवनलाई भविष्यमा समेत नकारात्मक असर पुर्‍याउने जोखिम

रहेको छ । ठूलो मतान्तरमा हारजित भएका कारणले असहयोग र अन्तर्घातको खोजी पनि भइरहेको छैन ।

## २.६ कार्यकर्ताको मनोबल बढाउन र उत्साह थप्न गर्नुपर्ने कामहरू

नेकपा (एमाले) झापा विद्रोहको दमन, दासढुङ्गा हत्याकाण्ड, २०५४ को पार्टी विभाजन, पहिलो संविधानसभाको चुनावी पराजय र २०७८ मा भएको पार्टी विभाजनजस्ता अनेकौं चुनौती र प्रतिकूलतालाई चिर्दै अगाडि बढ्न सफल र गौरवशाली इतिहास बोकेको पार्टी हो । अहिलेको चुनावमा पार्टी पराजित भएका हो, समाप्त भएका होइन । हामीले एउटा लडाइँ हारेका हौँ, समग्र युद्ध होइन । यद्यपि अहिलेको पराजय पार्टी जीवनकै गम्भीर धक्का हो भन्ने कुरामा सन्देह छैन । निर्वाचनको प्रतिकूल परिणामका कारणले मनोवल गिरेका कार्यकर्ताहरूमा आशा जनाउनु र जनतासँग टाढिएको सम्बन्धलाई नयाँ शिराबाट जोड्नु यतिबेलाको मुख्य चुनौती हो । एकपटक पार्टीबाट बाहिरिएको जनमतलाई पार्टीमा फर्काउनका लागि योजनाबद्ध र सचेतन पहलकदमीको आवश्यकता पर्दछ । कार्यकर्ताको मनोबल उकास्नका लागि कार्यदलले प्राप्त गरेको महत्वपूर्ण सुझावहरू निम्नअनुसार रहेका छन्:

१. **पार्टी कामको समीक्षा र कमजोरी सच्याउने सङ्कल्पः** विगतमा पार्टीले के-कति कारणले सफलता हासिल गर्न सफल भएको थियो र अहिले के कति कारणले गम्भीर पराजय व्यहोर्न बाध्य भयो भन्ने कुराको वस्तुनिष्ठ समीक्षा गर्नुपर्दछ। विगतमा भएका कतिपय गल्ती र कमजोरीहरूलाई खुलारूपमा स्वीकार गर्दै आगामी दिनमा त्यस्ता कमजोरी नदोहोऱ्याउने सङ्कल्प गर्नुपर्दछ। आगामी दिनमा नियमित रूपमा पार्टी कामको समीक्षा र 'आलोचना-आत्मालोचना' को स्वस्थ परिपाटी बसाल्नु पर्दछ ।

२. **व्यापक प्रशिक्षण अभियानः** कार्यकर्तापङ्क्तिमा व्याप्त हीनताबोध र भ्रम हटाउन तथा वैचारिक र राजनीतिक क्षमता बढाउन केन्द्रदेखि स्थानीय तहसम्म परिणाममुखी र योजनाबद्ध वैचारिक-राजनीतिक प्रशिक्षण सञ्चालन गर्नुपर्दछ । उनीहरूमा पार्टीको भविष्यप्रतिको आशावादीता जागृत गर्नुपर्दछ । पार्टीपङ्क्तिको वैचारिक स्तर माथि उठाउन निर्धारित पाठ्यक्रममा आधारित प्रशिक्षण र परीक्षा प्रणालीको विकास गर्नुपर्दछ । नेतृत्वमा पुग्न र जनप्रतिनिधि बन्नका लागि पार्टी स्कुलको प्रशिक्षणमा भाग लिएको र परीक्षा पास गरेको कुरालाई समेत आधार बनाउनु पर्दछ ।

३. **आधारभूत वर्ग र समुदायमा जोडः** जनतासँग टुटेको सम्बन्ध पुनर्स्थापित र गुमेको समर्थन फिर्ता ल्याउन सम्बन्धित वर्ग र समुदायका माग, मुद्दा र एजेण्डाको वास्तविक नेता नेकपा (एमाले) हो भन्ने गरी पार्टीको भूमिकालाई पुनर्परिभाषित र प्रभावकारी बनाउनु पर्दछ। रोजगारी, उत्पादन, आयआर्जन, शिक्षा, स्वास्थ्य र सामाजिक न्यायजस्ता विषयलाई राजनीतिक एजेन्डा बनाएर पार्टीको वर्ग दृष्टिकोणअनुरूप आधारभूत वर्ग र लक्षित समुदायका बिचमा पार्टी कामलाई केन्द्रित गर्नुपर्दछ । उनीहरूको हित र सरोकारका विषयमा देशव्यापी अभियान र आन्दोलन संचालन गर्नुपर्छ ।

४. **पार्टी अनुशासनको पालना र कार्यकर्ताको मूल्याङ्कनः** निर्वाचनमा अन्तर्घात र असहयोग गर्नेहरूलाई तथ्य र प्रमाणका आधारमा बिना मोलाहिजा कठोर कारबाही गर्नु पर्दछ। पार्टीमा मूल्याङ्कनको वैज्ञानिक विधि र प्रणाली स्थापित गरी काम गर्ने र नगर्नेका बीच स्पष्ट भेद छुट्याउनु पर्दछ। कामका आधारमा दण्ड र पुरस्कारको विधि स्थापित गर्नु पर्दछ। पार्टीका स्थापित नीति, निर्णय र

निर्देशनको विरोध, नेतृत्वको निन्दा र अपमान, आफू आबद्ध कमिटीमा विधिवत् छलफल नगरी सामाजिक सञ्जालमा पार्टी नीति र नेतृत्व विरुद्ध अराजक अभिव्यक्ति दिने जस्ता क्रियाकलापलाई पूर्ण रूपमा नियन्त्रण गर्नुपर्दछ र शुद्धीकरणको अभियान सञ्चालन गर्नुपर्दछ ।

५. **प्रभावकारी डिजिटल संयन्त्रको निर्माणः** विरोधीहरूको सामाजिक सञ्जालको प्रचार र भ्रमलाई तथ्यगत रूपमा खण्डन गर्न जिल्ला-जिल्लाहरूमा डिजिटल संयन्त्र र प्रशिक्षित डिजिटल स्वयंसेवकहरूको नेटवर्क निर्माण गर्नुपर्दछ । डिजिटल क्षेत्रको कामलाई प्रभावकारी बनाउनका लागि कन्टेन्ट निर्माणको आधारका रूपमा पार्टीका एजेण्डा, काम र भूमिकालाई बनाउनु पर्दछ ।

६. **पार्टी कामको प्रचार तथा विपक्षी कुप्रचारको प्रतिवादः** पार्टीले गरेका काम र हासिल गरेका उपलब्धिको प्रचार तथा विपक्षीका कुप्रचारको एकढिक्का भएर प्रतिवाद गर्नुपर्दछ ।

## परिच्छेद ३

## जनतासँगको सम्बन्ध विस्तार र सुदृढीकरण

यतिबेला जनतासँग पार्टीको सम्बन्ध कमजोर भएको छ । पार्टीको मुख्य जनाधारका रूपमा रहेका आधारभूत वर्ग र समुदायमा समेत पार्टीप्रति गुनासाहरू छन् । प्राप्त सुझावका जनतासँगको सम्बन्धलाई विस्तार र सुदृढ गर्न गर्नु पर्ने कामहरू देहाय बमोजिम रहेका छन्:

अघिल्लो परिच्छेदमा जनताका असन्तुष्टिका मुख्य कारणहरूमा राजनीतिक अस्थिरता, बारम्बार भइरहने सत्तासमीकरणका असरहरू, सुशासनको क्षेत्रमा अपेक्षित काम हुन नसक्नु, लक्षित वर्गका सरोकारमा यथोचित संबोधन हुन नसक्नु जस्ता विषयहरू उल्लेख गरिएको छ । यसका अलावा पार्टीका कतिपय नेता कार्यकर्तामा देखा परेको बिलासी जीवनशैली, कार्यकर्ताको सही मूल्याङ्कन र अवसरको न्यायोचित वितरणमा रहन गएका कमीहरू एवं कतिपय जनप्रतिनिधिहरूको कार्यशैलीले उत्पन्न गरेका असन्तुष्टिहरूलाई पनि जनतासँग सम्बन्ध विस्तारमा नकारात्मक कारणहरूको रूपमा कार्यकर्ता पङ्क्तिले उल्लेख गर्नुभएको छ । यी विषयहरूलाई ध्यानमा राखेर आगामी दिनमा पार्टीले देहायका विषयमा जोड दिनु पर्दछ:

१) **'मतदाता-केन्द्रित' कार्यशैलीः** नेता-कार्यकर्ता अनिवार्य रूपमा आ-आफ्नो भूगोल (गाउँ, वडा र टोल तह) मा खटिएर जनताको सेवामा जोडिनु पर्दछ । जनताका बीचमा जाने, जनताको कुरा सुन्ने, जनप्रिय बन्ने र जनताको माग र एजेण्डाको अगुवाइ गर्नुपर्दछ ।

२) **पारदर्शिताः** भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीतिअनुरूप कमिटीको कार्यकारी भूमिकामा रहने पदाधिकारी र जनप्रतिनिधिहरू निर्वाचित भएर आउँदा र पदबाट बिदा हुँदा आफ्नो आर्थिक अवस्थाको अनिवार्य 'स्वघोषणा' गर्ने वैधानिक व्यवस्था गर्नुपर्दछ ।

३) **विनम्रता र जनशैलीः** नेता तथा कार्यकर्ताहरूले हमेशा विनम्र भाषाशैली अपनाउनु पर्दछ । नवयुवा पुस्तालाई आकर्षित गर्ने किसिमको भाषाशैली प्रयोग गर्नुपर्दछ । जनताको शासक होइन, जनताको सेवक बन्ने सङ्कल्प गर्नुपर्दछ ।

४) **पार्टी जागरण अभियानः** जनतासँग पार्टीलाई जोड्न सिङ्गो नेतृत्वपङ्क्ति अनिवार्य रूपमा जनताको घरदैलोमा जाने विशेष कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

## परिच्छेद ४:

## सङ्गठनात्मक अवस्थाको विश्लेषण

कार्यदललाई प्राप्त सुझावका आधारमा पार्टीको सङ्गठनात्मक अवस्थाको विश्लेषण र पार्टी जीवनमा देखिएका समस्या र समाधानका उपाय निम्नानुसार सूत्रवद्ध गरिएको छः

### ४.१ पार्टीको सङ्गठनात्मक जीवनमा देखिएका मुख्य समस्याहरू

१) **सङ्गठनात्मक पद्धति र कमिटी प्रणाली कमजोर बन्नु**: सङ्गठनात्मक पद्धति र कमिटी प्रणालीमा अत्यन्त सबल मानिएको नेकपा (एमाले)को सङ्गठनात्मक जीवन पछिल्लो समय गम्भीर रूपमा प्रभावित भएको छ। कमिटीहरूमा सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको प्रणाली र अभ्यास कमजोर भएको छ। कुनै महत्वपूर्ण निर्णय गर्दा वा सामान्यभन्दा सामान्य विवाद उत्पन्न हुँदै सिधै केन्द्र धाउने अवस्था सिर्जना भएको छ। यसप्रकारको अवस्थाले कमिटी प्रणाली र सम्बन्धित तहको नेतृत्वको भूमिका र प्रभाव पनि कमजोर हुन पुगेको छ।

२) **वस्तुनिष्ठ मूल्याङ्कन पद्धतिको अभाव** : कार्यकर्ताहरूको वस्तुनिष्ठ र वैज्ञानिक मूल्याङ्कन पद्धति स्थापित हुन नसक्दा सङ्गठनात्मक र वैचारिक काममा खटिनेभन्दा अवसरका लागि नेताको वरिपरी घुम्ने प्रवृत्ति बढ्दै गएको छ। अवसरको बाडफाँडमा पनि त्यस्ता कार्यकर्ताले महत्व पाउन थालेको अनुभूति कार्यकर्ता पङ्क्तिलाई हुन पुगेको छ। कार्यक्षेत्रमा इमान्दारिताका साथ खट्ने कार्यकर्तामा निराशा उत्पन्न हुनु पार्टी निर्माणका लागि चुनौतीको विषय हो।

३) **ठूलो आकारका कमिटीहरू**: केन्द्रदेखि वडा र टोल तहसम्मका कमिटीहरू अत्यधिक ठूला र भद्दा भएकाले बैठकहरू रचनात्मक बहसको थलो हुनुको साटो नेतृत्वले प्रस्तावित गरेका विषय अनुमोदन गर्ने औपचारिक थलो बन्न पुगेका छन्।

४) **आलोचना/आत्मआलोचना संस्कृतिको अभावः** कमिटीहरू ठुला आकारका हुँदा कमिटीभित्र खुलस्त छलफल गर्ने अनुकूलता बनेको छ। त्यसले अन्तरपार्टी लोकतन्त्र कमजोर हुने र कमिटी बाहिर सामाजिक संजालमा जथाभावी बोल्ने र लेख्ने प्रवृत्ति मौलाएको छ। कमिटीमा आलोचना र आत्मालोचनाको संस्कृति हराएको छ। आफूलाई लागेको कुरा सुझाव वा आलोचनाका रूपमा राख्दा त्यसलाई व्यक्तिगत इगोको रूपमा लिने प्रवृत्ति बढेको छ।

५) **सदस्यता नवीकरण र विस्तारमा समस्याः** सदस्यता नवीकरण र विस्तारमा विकृति देखिन थालेको छ। सदस्य संख्या बढाउने नाममा कतिपय ठाउँमा गुणस्तरहीन सदस्यको संख्या उल्लेख्य मात्रामा बढेको देखिन्छ। यसबाट पार्टीमा काम गर्ने वास्तविक सदस्यको अधिकार र भूमिका खुम्चिने अवस्था छ। यसपटकको निर्वाचनमा मधेश प्रदेशका ९ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा त पार्टीको सङ्गठित सदस्य संख्याभन्दा पार्टीको समानुपातिक मत कम आएको अवस्था छ।

६) **उम्मेद्वार चयनमा कमजोरी**: निर्वाचनमा सफलताका लागि सही उम्मेद्वारको छनोट आवश्यक विषय हो। तर निर्वाचनमा टिकट वितरण गर्दा कतिपय ठाउँमा स्थानीय भूगोल र तल्ला कमिटीको सिफारिस बेवास्ता भएको गुनासो छ। यसले निर्णयमा अपनत्वको अभाव र कार्यान्वयनमा चुनौती

थपिएको छ। उम्मेदवारीको अपेक्षा र प्राप्ति केन्द्रित गुटबन्दीको स्थानीय तहमा मुख्य समस्या बन्दै गएको छ।

७) **केन्द्रीय आयोगहरूको प्रभावकारिता**: नियन्त्रण र सन्तुलनको सिद्धान्तअनुरूप गठन भएका केन्द्रीय निर्वाचन, अनुशासन र लेखा आयोगजस्ता निकायहरूलाई थप प्रभावकारी बनाउन र विधानले तोकेको दायित्व पूरा गर्ने गरी आवश्यक वातावरण सिर्जना गर्नु आवश्यक छ। त्यसो हुन नसक्दा सम्बन्धित आयोगहरूबाट सङ्गठनात्मक अराजकता र अनुशासनहीनता नियन्त्रण गर्न तथा आर्थिक अनुशासन पालना गराउन समस्या उत्पन्न हुनेछ।

८) **पार्टी विधान संशोधन असर**: पहिलो र दोस्रो विधान महाधिवेशनबाट विधानमा रहेको 'दुई कार्यकाल' र '७० वर्षे उमेर हद' जस्ता विषयमा गरिएको संशोधनले पनि पार्टी पङ्क्तिलाई प्रभावित गरेको छ।

९) **बहुपदीय संरचना र सामूहिक नेतृत्वको विकास**: हामीले आठौं महाधिवेशनदेखि नै माथिदेखि तलसम्म बहुपदीय संरचना विकास गर्दै आएका छौं। तर स्पष्ट परिभाषा र कार्यविभाजनको अभावमा कतिपय पदाधिकारीहरू जिम्मेवारी विहीन भएको र सामूहिक नेतृत्व र टिम स्पिरिट निर्माण हुन नसकेको अवस्था देखा परेको छ। कमिटीहरू अति ठूला भएकाले माथिल्ला कमिटीहरू दुई-तीन तह मुनिका कमिटीको कार्यक्षेत्रमा ओर्लिएर परिचालनमा केन्द्रित हुँदा स्थापित तहगत प्रणालीको महत्व र ती तहका कमिटीहरूको उत्तरदायित्वको अभ्यास खण्डित भएको छ। मातहत कमिटीमा स्वपरिचालनमा कमी आएको छ र केन्द्रको मुख ताक्ने प्रवृत्ति बढेर गएको छ।

१०) **अनुशासनहीनता र अराजकता**: अधिवेशनका समयमा पार्टीमा एकातिर प्रतिस्पर्धालाई कमजोर तुल्याउने र अर्कोतिर परिणामलाई अस्वीकार गर्ने प्रवृत्ति बढेको छ। यसप्रकारको अवस्थाले पार्टीमा स्थायी गुटबन्दीको जोखिम बढाएको छ। नेतृत्व पङ्क्तिबाट पनि असहमति र असन्तुष्टिलाई संबोधन गर्दै अन्तरविरोधको समाधानमा यथोचित ध्यान नपुगेको अवस्था छ।

## ४.२ पार्टीको सङ्गठनात्मक समस्या समाधानका सुझावहरू

१) **पार्टीमा नेतृत्व विकास र हस्तान्तरण**: नेतृत्व विकास स्वःस्फूर्त विषय होइन। नेतृत्व विकास संभाव्यता पहिचान, हुर्काइ र योजनाबद्ध विकासको प्रक्रिया हो। हामीले नेतृत्व विकासका लागि आन्तरिक प्रतिष्पर्धालाई आधार बनाउँदै आएका छौं। यो महत्वपूर्ण पक्ष हो, तर सँगसँगै नेतृत्व विकास र हस्तान्तरणको योजनाबद्ध प्रणाली माथि देखि तलसम्म नै विकास गर्नुपर्दछ। पार्टीमा गतिशिलता ल्याउन र नयाँ पुस्तालाई पार्टीमा जोड्न समेत सहयोग पुग्ने गरी पार्टीमा आवश्यक संगठनात्मक र वैधानिक व्यवस्था गरिनु पर्छ। परिवार होस् वा समाज पुरानो पुस्ताले नयाँ पुस्तालाई अपरिपक्व देख्नु मानवीय स्वभाव नै हो। पुरानो पुस्ताले योजनाबद्ध रूपमा नयाँ पुस्ताबाट नेतृत्व नेतृत्व निर्माण र हस्तान्तरणको सहज प्रणाली विकास गर्नु पर्दछ। त्यसो भएन भने पुस्तागत अविश्वास, असमझदारी र द्वन्द्वको स्थिति सिर्जना गर्न पुग्दछ। यसमा समुचित ध्यान पुग्नु आवश्यक छ।

२) **कमिटीहरूको आकारमा चुस्तता**: हालका अत्याधिक भद्दा, ठूला र औपचारिकतामा मात्र सीमित हुने कमिटीहरू विघटन गरी आकार सानो र छरितो बनाउनु आवश्यक देखिन्छ। कमिटी सानो आकारको बनाउन सक्दा नै पार्टीमा सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको प्रणालीलाई बलियो गरी स्थापित गर्न सकिने विश्वास अधिकांशको रहेको छ।

३) **अवसरको न्यायोचित वितरणः** पार्टीमा कार्यकर्ताको समर्पण र क्रियाशीलतामा वृद्धि नगरिकन पार्टी जनताका बिचमा स्थापित हुन सक्दैन । पार्टीपङ्क्तिलाई पार्टीप्रति समर्पित र क्रियाशील बनाउन 'एक व्यक्ति एक मुख्य जिम्मेवारी' को नीति लागु गर्नु पर्दछ । प्रधानमन्त्री, मन्त्री, सांसद वा स्थानीय प्रमुखका लागि अवसरको सीमा निर्धारण गर्नु र समानुपातिक या राष्ट्रियसभा सदस्य जस्ता अवसर एक जना व्यक्तिका लागि एक पटक मात्र उपलब्ध हुने व्यवस्था गरिनुपर्दछ ।

४) **सामूहिक नेतृत्वको र जिम्मेवारीको विकेन्द्रीकरणः** 'म' होइन 'हामी' भन्ने भावना विकासमा जोड दिनुपर्दछ । सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको स्थापित मान्यतालाई व्यवहारमा कार्यान्वयन गरिनु पर्छ ।

५) **उम्मेदवार चयन प्रकृयामा सुधारः** सङ्घीय, प्रदेश तथा स्थानीय निर्वाचनका उम्मेद्वार चयनमा केन्द्रको भूमिका निर्णायक रहँदै आएको छ । उम्मेद्वार चयन गर्दा तलको सिफारिसलाई प्रमुख आधार बनाउनु पर्दछ । अन्तिम समयमा उम्मेद्वार फेरबदल गर्ने कुरा अन्त्य गरिनु पर्दछ । उम्मेद्वार चयन गर्दा स्थानीय कमिटीको सिफारिस वा सङ्गठित सदस्यहरूको आन्तरिक निर्वाचन मार्फत् लोकप्रिय पात्र छनोट गर्ने विधि अपनाउनु पर्दछ ।

६) **अन्तर्घातमाथि कठोर कारबाहीः** निर्वाचनमा आफ्नै पार्टीका उम्मेद्वार हराउन अन्तर्घात वा असहयोग गर्नेहरूलाई बिना मोलाहिजा अनुशासनको दायरामा ल्याई संगठनात्मक कारवाही गर्नुपर्दछ । बिना गम्भीर आत्माआलोचना महत्वपूर्ण जिम्मेवारीमा ल्याउने कुराले कार्यकर्तामा असन्तुष्टि बढाउने कुराप्रति ध्यान जानु आवश्यक देखिन्छ ।

७) **सदस्यता वितरण र नवीकरणमा गुणस्तरीयताः** संख्या बढाउने नाममा गरिने गुणस्तरहीन सदस्यता विस्तार र नवीकरणको विकृति अन्त्य गरिनु पर्दछ । सदस्यता वितरण प्रक्रियालाई व्यवस्थित गर्दै कार्यकर्ताको स्तर र उमेर समूहका आधारमा वर्गीकरण गरी अभिलेखलाई पूर्णतः डिजिटल बनाइनु पर्दछ ।

८) **आलोचना र गुनासो सुन्ने बानीको विकासः** पार्टी र सरकारका कामको समीक्षा नियमित रूपमा गर्नुपर्दछ । पार्टी र कमिटीभित्र छलफल र बहसको स्वस्थ परम्पराको विकास गरिनु पर्दछ । पार्टी कार्यकर्तामा अध्ययन गर्ने र विश्लेषण गर्ने बानीको विकास गरिनु पर्दछ । जनस्तरका सुझाव र आलोचना सुन्ने तथा जायज सुझाव र आलोचनालाई ग्रहण गर्ने व्यवस्थित प्रणालीको विकास गरिनु पर्दछ ।

## परिच्छेद ५:
## पार्टीसम्बद्ध जनसङ्गठनको अवस्था र विश्लेषण

पार्टीसम्वद्ध जनसङ्गठनहरू पार्टीको उद्देश्यअनुसार जनमत बढाउने र सङ्गठनको विकास एवम् विस्तार गर्ने महत्वपूर्ण माध्यम हुन् । हरेक जनसङ्गठनलाई आफ्नै वर्ग वा समुदायका मुद्दाहरूसँग जोड्दै सोही वर्गको विश्वसनीय नेताका रूपमा स्थापित गर्नुपर्छ ।

तर पार्टी सम्बद्ध जनसङ्गठनको विद्यमान अवस्था सन्तोषजनक छैन । जनसङ्गठनहरूले आ-आफ्नो समुदाय र वर्गीय मुद्दामा स्वतन्त्र रूपमा काम गर्न सकिरहेका छैनन् । अधिकांश जनसङ्गठनमा

पार्टीप्रतिको अत्यधिक निर्भरता बढेको देखिन्छ। नियमित सङ्गठनात्मक काममा पनि पार्टी मुख्य नेतृत्वको निर्देशनको अपेक्षा गर्ने र नेतृत्वले पनि त्यसमा अनावश्यक हस्तक्षेप गर्ने प्रवृत्तिले जनसङ्गठनहरूको भूमिकालाई कमजोर बनाएको छ। सम्बन्धित वर्ग, समुदाय या पेशागत क्षेत्रमा गरेको काम नै मूल्याङ्कनको मुख्य आधार हो भन्ने विश्वास टुट्दै जाँदा पार्टी नेतृत्वमुखी प्रवृत्ति बढेको छ। अधिवेशनका बेलामा अत्यधिक सक्रिय हुने र अघि-पछि सिथिल बन्दै जाने समस्या देखिने गरेको छ। जनसङ्गठनका अधिवेशनहरू औपचारिकतामा सीमित बनाइएको गुनासो देखा परेको छ। पार्टी कमिटीसँगको तहगत समन्वयको अभाव देखिन्छ।

यी समस्यालाई समाधान गर्न देहायका सुझाव प्राप्त भएका छन्-

१) **स्वायत्तता र क्षमता अभिवृद्धि** : जनसङ्गठनहरूलाई पार्टीको नीतिगत नेतृत्वमा सङ्गठनात्मक स्वायत्तता प्रदान गरी आ-आफ्नो वर्ग र समुदायका मुद्दामा स्वतन्त्र रूपमा काम गर्ने वातावरण निर्माण गरिनु पर्दछ। आफू सम्बद्ध वर्ग, समुदाय या पेशाको नेताका रूपमा स्थापित हुने क्षमता विकास गरिनु पर्छ। जनसङ्गठनहरूसँग पार्टीसँगको अन्तरसम्बन्ध तहगत समन्वयको नीतिका आधारमा गरिनु पर्दछ।

२) **जनसङ्गठनहरूको वर्गीकरण र नियमन**: जनसङ्गठनको कामलाई उनीहरूको कामको प्रकृतिका आधारमा वर्गीकरण गर्दै कुन-कुनलाई पार्टीको आधारभूत जनसङ्गठनका रूपमा संचालन गर्ने र कुन-कुनलाई पार्टीको परोक्ष नेतृत्वमा संचालन गर्ने भन्ने कुरामा विधि र मापदण्ड बनाउनु आवश्यक छ। पेशागत क्षेत्रको कामका बारेमा नयाँ ढंगले सोच्नुपर्ने देखिन्छ।

३) **वर्गीय र सामुदायिक आन्दोलनको अगुवाइ**: जनसङ्गठनहरू आआफ्नो समुदायको भरोसायोग्य अगुवा सङ्गठनको रूपमा क्रियाशील हुनुपर्दछ। राष्ट्रिय राजनीतिमा दवाव र जागरणको भूमिका निर्वाह गर्नुपर्ने खास अवस्थामा उनीहरूले पार्टीको मोर्चा सङ्गठनको रूपमा भूमिका खेल्नु पर्दछ। पार्टी सम्बद्ध जनसङ्गठनहरूले आफ्नो वर्ग र समुदायको हितको अलावा श्रमजीवी, दलित, सुकुम्वासी, महिला र सीमान्तकृत वर्गका हक-हितका मुद्दाहरूमा साझा आन्दोलनको विकासमा योगदान दिनुपर्दछ।

४) **लोकतान्त्रिक अभ्यास**: पार्टी सम्बद्ध सबै जनसङ्गठन जबजको लोकतान्त्रिक मूल्य-मान्यता अनुरूप सम्वन्धित वर्ग समुदायको भरोसायोग्य नेताका रूपमा संचालित र स्थापित हुनु पर्दछ। आन्तरिक लोकतान्त्रिक प्रतिस्पर्धा, योग्यता र कार्यक्षमताका आधारमा नेतृत्व चयन गर्ने काम गर्नुपर्दछ। पार्टीले जनसङ्गठन समन्वयमार्फत् सम्बन्धित सङ्गठनको वैधानिक व्यवस्थाअन्तर्गत पार्टी निर्देशन कार्यान्वयन गराउनु पर्दछ।

५) **पार्टी कमिटीमा सम्मानजक भूमिका**: जनसङ्गठनमा लामो समय काम गरेर नेतृत्वमा स्थापित भइसकेका नेताहरू त्यहाँबाट विदा भइ पार्टी काममा सहज संलग्न हुने परिपाटीको विकास गर्नु पर्दछ। जनसङ्गठनमा भूमिका निर्वाह गरेर पार्टी काममा जोडिन चाहने नेता र कार्यकर्ताहरूलाई पार्टीका विभिन्न तहका कमिटीहरूमा सम्मानजनक ढङ्गले स्थापित गरिनु पर्दछ।

# परिच्छेद ६

# सरकार र जनप्रतिनिधिको काम

यस पटकको निर्वाचनमा सरकार र स्थानीय जनप्रतिनिधिको कामको प्रत्यक्ष असर परेको बुझाइ कार्यकर्ता पङ्क्तिको रह्यो । कतिपय ठाउँमा त पार्टीले चुनाव जितेका ठाउँमा भन्दा हारेको ठाउँमा भोट माग्न सजिलो भएको र भोट बढेको विश्लेषण छ । नेकपा (एमाले) सरकारमा पुग्ने कुरालाई लक्ष बनाएर अघि बढेको पार्टी होइन । समाजको परिवर्तन र रूपान्तरणको ध्येय र उद्देश्य पुरा गर्नका लागि सरकार एउटा सशक्त माध्यम बन्न सक्दछ भन्ने मान्यता राख्ने पार्टी हो । पार्टी र सरकार विरूद्ध लागेका विभिन्न आरोपहरूको यथोचित र प्रभावकारी खण्डन हुन नसक्दा त्यसको असर निर्वाचनमा परेको छ । बजेट वितरणमा क्षेत्रीय सन्तुलन नमिलेको, कतिपय सन्दर्भमा पार्टी नीति र घोषणापत्रलाई पछ्याउन नसकिएको, राजनीतिक नियुक्तिहरू प्रक्रियासम्मत र सन्तुलित हुन नसकेको, कतिपय ठाउँमा कार्यकाल बाँकी रहँदै जनप्रतिनिधिहरूलाई उम्मेदवार बनाइएका कारण अन्य कमरेडहरूमा असन्तुष्टि पैदा भएको, भौतिक र सामाजिक विकासमा समुचित सन्तुलन कायम गर्न नसकिएको विषय पनि औंल्याइएका छन् ।

## ६.२ सरकार र जनप्रतिनिधिका कामलाई प्रभावकारी बनाउन गर्नु पर्ने कामहरूः

१) **पार्टी नीतिअनुरूप सरकार र जनप्रतिनिधि परिचालनः** सरकार सञ्चालनका सन्दर्भमा पार्टी र सरकारमा गएको टिमका बीचको अन्तरसम्बन्ध र भूमिकामा स्पष्टता आवश्यक देखिन्छ । सरकार सधैं पार्टीको नीति, निर्णय र चुनावी घोषणापत्र अनुरूप संचालन गरिनु पर्दछ । सबै तहका सरकारका कामका बारेमा पार्टीमा संस्थागत रूपमा छलफल हुनुपर्दछ। सरकार र जनप्रतिनिधिहरूलाई पार्टी नीति र निर्णयअनुरूप संचालन गर्न आगामी दिनमा उपयुक्त संयन्त्र निर्माण गर्नुपर्ने देखिन्छ ।

२) **भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताः** यतिबेला सुशासनको विषय नेपाली समाजको मुख्य सरोकारको विषय बन्न पुगेको छ । हाम्रो पार्टी नेतृत्वको सरकारले 'म भ्रष्टाचार गर्दिनँ र भ्रष्टाचार गर्न दिन्नँ' भन्ने नारा अघि बढाएको छ । तर बारम्बारको प्रयासले पनि सुशासनका क्षेत्रमा अपेक्षित सुधार हुन नसक्दा र कतिपय कार्यालयमा जनताले व्यहोर्नुपरेको सास्तीले पनि मुख्य राजनीतिक दलहरूप्रति असन्तुष्ट बनायो । जनप्रतिनिधिहरू निर्वाचित भएर आउँदा, सरकारमा सहभागी हुँदा र पदबाट बिदा हुँदा आफ्नो आर्थिक अवस्था र सम्पत्ति विवरण सार्वजनिक गर्ने, आफूविरूद्ध उठेका प्रश्नहरूलाई समयमै तथ्यपरक ढंगले खण्डन र प्रतिवाद गर्ने र पार्टीका तर्फबाट सो सम्बन्धमा ठीक ढंगले काम भए/नभएको अनुगमन गर्ने वैधानिक व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

३) **'जनप्रतिनिधि स्कूल' र प्रत्याह्वानको व्यवस्थाः** निर्वाचित जनप्रतिनिधिहरूका लागि उनीहरूले खेल्नुपर्ने भूमिका सन्दर्भमा प्रशिक्षित गर्ने उद्देश्यले 'जनप्रतिनिधि स्कूल' (तालिम) सञ्चालन गर्नुपर्दछ । पार्टी नीति र निर्देशन उल्लंघन गरी स्वेच्छाचारी ढङ्गले चल्ने जनप्रतिनिधिलाई फिर्ता बोलाउन सक्ने गरी राजीनामा बैंकको वैधानिक व्यवस्था लागू गरिनु पर्दछ ।

४) **पार्टीका विभागहरूसँगको समन्वयः** मन्त्रालय र सरकारी नीति निर्माणमा सहयोग पुऱ्याउन पार्टीका विभागहरू गठन र संचालन हुँदै आएका छन्। विभागहरूलाई बदलिएको परिस्थितिअनुरूप नीति अद्यावधिक गर्न लगाउने र सरकारले सम्वन्धित निकायका कामको नियमित अनुगमन र मूल्यांकन गर्ने प्रणालीलाई स्थापित गर्नुपर्दछ। विभागहरूको कामलाई सरकारमा रहँदा सरकारको कामसँग र प्रतिपक्षमा रहँदा संसदको कामलाई प्रभावकारी बनाउने गरी संयोजन गरिनु पर्दछ।

५) **सन्तुलित र नतिजामुखी बजेट कार्यक्रम निर्माणः** बजेट कार्यक्रमको सफलता नै सरकारको सफलताको प्रमुख आधार हो। प्रक्रियागत हिसाबले छनोट हुने आयोजना कार्यालय प्रमुखको तजविजमा भर पर्दछन्। बजेट कार्यक्रमको निर्माण निश्चित मापदण्ड र सूचकका आधारमा गरिनु पर्दछ। कार्यान्वयन प्रक्रियामा समेत सोहीअनुसारको नतिजामुखी प्रबन्ध मिलाउनु पर्दछ। भविष्यमा बजेट निर्माण र कार्यान्वयनमा पूर्णतः सन्तुलन कायम गर्ने ठोस प्रतिवद्धता सार्वजनिक गर्नु आवश्यक देखिन्छ।

६) **सरल जीवनशैली, स्वच्छ आचरणः** सरकारमा प्रतिनिधित्व गर्ने मन्त्री र जनप्रतिनिधिले तडकभडक नदेखाउने र सरल जीवनशैली र आचरण अवलम्बन गर्नुपर्दछ। छलफल र बहसका क्रममा विनम्र भाषाशैली अपनाउनु पर्दछ। आफू निर्वाचित भएको क्षेत्र र त्यस क्षेत्रका कार्यकर्ताको अपेक्षा र भावनाको सम्मान गर्नुपर्दछ। निर्वाचित जनप्रतिनिधिहरूले पार्टीले तोकेको लेबी नियमित रूपमा बुझाउनु पर्दछ।

७) **राजनीतिक नियुक्तिमा पारदर्शिताः** राजनीतिक नियुक्तिमा स्पष्ट मापदण्ड बनाउने र सिफारिस र निर्णय प्रक्रियालाई पूर्ण पारदर्शी बनाउनु आवश्यक छ। राजनीतिक नियुक्त गरिने व्यक्तिहरूको राजनीतिक योगदान र क्षमताको मूल्यांकनका सन्दर्भमा सम्वन्धित व्यक्ति भुगोल वा कार्यरत कमिटीको विश्लेषण आधारित बनाउनु पर्दछ।

## परिच्छेद ७:

## वैचारिक र नीतिगत सुदृढीकरण

छलफलका क्रममा धेरै कमरेडहरूले पार्टीमा वैचारिक-राजनीतिक काम कमजोर हुँदै गएको, कतिपय नीति र विधिमा समेत सुधार आवश्यक रहेको त्यसको समग्र समीक्षा आवश्यक रहेको बताउनु भएको छ। पार्टी कार्यकर्तामा मार्क्सवादको अध्ययन र विश्लेषणको प्रवृत्ति कमजोर भएको, केन्द्रीय पार्टी स्कुलको योजनामा बाहेक वैचारिक राजनीतिक प्रशिक्षण हुन छोडेको, त्यसको असर समग्र पार्टी काममा परेको, सामाजिक संजालको बढ्दो प्रभावले पार्टीका दस्तावेज र निर्देशनहरू खोजी गर्ने र पढने प्रचलन समेत घटेको, पार्टीपङ्क्तिको पठन संस्कृतिमा ह्रास आएको र समग्रताा पार्टीपङ्क्तिको वैचारिक राजनीतिक स्तर खस्कदै गएको विश्लेषण गर्नुभएको छ। त्यसै गरी 'जनताको बहुदलीय जनवाद' (जबज) पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा स्थापित भए पनि त्यसको कार्यान्वयनको पक्ष प्रभावकारी बन्न नसकेको, रूपपक्षको चर्चा ज्यादा हुने तर त्यसको सारपक्ष (वर्ग सङ्घर्ष, आर्थिक नीति, उत्पादक शक्तिको विकास आदि) का बारेमा खासै चर्चा नहुने कुराले जबजलाई गहिरो गरी स्थापित गर्न नसकिएको र कतिपय सन्दर्भमा सरकारको नीति

कार्यक्रम र बजेटसँग जबजको नीति तथा कार्यक्रमको तादम्यता नदेखिँदा जबजप्रतिको आकर्षण जनस्तरमा विस्तार गर्न कठिनाइ भएको बताउनु भएको छ। जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशा कार्यान्वयनका सन्दर्भमा 'समृद्ध नेपाल : सुखी नेपाली'को राष्ट्रिय गन्तव्यमा पुग्ने ठोस कार्यक्रम र कार्ययोजना बनाउनु आवश्यक रहेको मननीय सुझाव दिनु भएको छ।

नेतृत्व आफैमा दृष्टान्त, मानक र अगुवाइको विषय हो। त्यसैले नेतृत्वले हरेक क्षेत्रमा आदर्श स्थापित गर्नुपर्दछ। असहमतिका बिचमा पनि सहमति खोज्न सक्ने, सबैलाई समेट्न सक्ने, अडानमा दृढता तर व्यवहारमा लचकता प्रदर्शन गर्ने र विनम्र शैलीले नेतृत्वलाई अनुकरणीय बनाउन मद्दत गर्छ। यस सम्बन्धमा पनि विभिन्न सुझावहरू प्राप्त भएका छन्।

यसको समाधानका लागि देहायका विषयमा ध्यान दिनु आवश्यक छ-

१) **जबजको समयानुकूल विकासः** जबजको मूलपक्षमा जोड दिँदै आजको विश्व व्यवस्थामा आएको परिवर्तन, एआईको तहमा सूचना र प्रविधिमा भएको विकास तथा त्यसले सिंगो मानव समाजमा पारिरहेको प्रभावका सन्दर्भमा आजको वर्गसङघर्ष र आजको राजनीतिक सङघर्षको स्वरूपका बारेमा नवीन सोँचका साथ अघि बढ्नु पर्दछ। जबजको मूलपक्षका रूपमा रहेको वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्षको पार्टी दृष्टिकोणका आधारमा समाजवाद निर्माणको बाटो, त्यसको आर्थिक दृष्टिकोण तथा उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकासजस्ता कुरामा जोड दिनुपर्दछ। हामीले दोस्रो विधान महाधिवेशनमा 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय गन्तव्यलाई थप परिभाषित गरेका छौँ र नेपाली विशेषता अनुसारको समाजवादका बारेमा पनि कतिपय महत्वपूर्ण विषय अगाडि सारेका छौँ। तिनलाई अझ समृद्ध बनाउनु आवश्यक छ।

२) **पार्टी एजेन्डा र पार्टी दस्तावेजको भाषाको सरलीकरणः** परम्परागत राजनीतिक नाराहरूमा परिमार्जन गर्दै आजको पुस्ताले खोजेको आर्थिक अवसर, सुशासन, डिजिटल अर्थतन्त्र र रोजगारी सिर्जनालाई पार्टीको मुख्य एजेन्डा बनाउने र उनीहरूको मनोविज्ञान आधारित पार्टी सामाग्री तयार गर्नु आवश्यक छ। यसका लागि पार्टी दस्तावेजको भाषा समेत आजको नयाँ पुस्ताले बुझ्ने र ग्रहण गर्ने सरल भाषामा तयार गर्नुपर्दछ।

३) **गठबन्धनका सम्बन्धमा स्पष्टताः** छिटोछिटो भएका सत्ता समीकरणहरू र तिनले पार्टीको छविमा पारेको असरलाई समेत आत्मसात गर्दै सत्ता गठबन्धनका सन्दर्भमा स्पष्ट दृष्टिकोण अवलम्बन गर्नु आवश्यक छ। नीति र एजेण्डा मिल्नेसँग मात्र सहकार्य गर्ने नीति अवलम्बन गर्नुपर्दछ।

४) **पार्टी एकता र एकीकरणः** विगतमा हतारमा गरिएको पार्टी एकताका कारणले पार्टीले वैचारिक र सङ्गठनात्मक रूपमा चुनौती व्यहोर्नु पर्यो। नेकपा गठन र पार्टी अध्यक्षको नेतृत्वको सरकारले आमदजनतामा सिर्जना गरेको आशा र अपेक्षा नेकपाभित्रको अन्तरसङघर्ष र नेकपा विघटनका कारणले छायामा पर्‍यो। त्यसमाथि पुनर्स्थापित नेकपा (एमाले)मा भएको विभाजनले जनतामा थप निराशा उत्पन्न हुनपुग्यो। आज नेपाली समाजमा देखिएको पपुलिजम र एनार्किजमको विस्तारको एउटा महत्वपूर्ण आधार पार्टी एकीकरणवाट आर्जन भएको शक्ति र त्यसको जगमा बनेको दुईतिहाईको सरकारले जागृत गरेको आकांक्षा र आशावादीतामा पार्टी विभाजनका कारणले पारेको असर पनि हो। विगतको एकता

एकीकरणमा भएको कमजोरीलाई ध्यानमा राखेर एकता र एकीकरणका सन्दर्भमा पार्टीको दृष्टिकोण स्पष्ट गर्नु आवश्यक छ। जनताको बहुदलीय जनवाद र त्यसले स्थापित गरेको लोकतान्त्रिक सङ्गठन प्रणालीमा नकारात्मक असर नपर्ने गरी त्यसलाई थप सबल र सुदृढ गर्नका लागि मात्र एकता र एकीकरण गर्ने नीति लिनुपर्दछ।

५) **राज्यसंरचनाको लोकतान्त्रिकरण**: हाम्रो पार्टीले शान्तिपूर्ण र वैधानिक बाटोबाट समाजवादमा पुग्न सकिन्छ भन्ने मान्यतालाई आत्मसात गरेको छ। प्रतिस्पर्धा र पहलकदमीलाई हामीले पार्टीको तात्कालिक कार्यनीतिका रूपमा मात्र होइन, हाम्रो उद्देश्य प्राप्तिको बाटोका रूपमा अर्थात सैद्धान्तिक रूपमा नै अवलम्बन गरेका छौं। हामीले हाम्रो क्रान्तिको मौलिकताको विश्लेषण गर्दै राजनीतिक प्रणालीमा युगान्तकारी परिवर्तन भएको तर त्यस अनुरूप राज्यका सबै संरचना र सामाजिक आर्थिक ढाँचा रूपान्तरण हुन नसकेको अवस्थाको रूपमा सही विश्लेषण छौं। भदौ २३ र २४ को घटनाले हाम्रो निष्कर्षलाई पुष्टि गरेको छ। राज्य संरचनाको लोकतान्त्रिक रूपान्तरणका लागि निरन्तर प्रयत्न गरिनु पर्छ। सरकारले कमजोरी गर्दा पार्टीले खबरदारी गर्न सक्दछ भन्ने स्थिति सिर्जना गरिनु आवश्यक छ।

## <u>परिच्छेद ८:</u>

## पार्टी अनुशासन, जीवनशैली र आचरण

नेकपा (एमाले) अनुशासन, जीवनशैली र आचरणका प्रश्नमा उदारणीय पार्टीका रूपमा रहँदै आएको पार्टी हो। झापा विद्रोहको जगमा विकास भएको मनोविज्ञानलाई आत्मसात गर्दै तीव्र दमन र उत्पीडनका बिचमा पनि पार्टी र आन्दोलनको रक्षा गर्दै नेपालको कम्युनिष्ट आन्दोलनको मूलप्रवाहका रूपमा पार्टीलाई स्थापित गर्ने कुरामा यसका नेता र कार्यकर्ताको फलामे अनुशासन, जनप्रिय जीवनशैली र नैतिक सदाचार तथा सादा जीवनशैलीको समेत महत्वपूर्ण योगदान रहेको हो। पछिल्लो समयमा यसमा केही विचलन देखिन थालेकामा कार्यकर्तापङ्क्तिको गहिरो चिन्ता र चासो देखिन्छ। विशेष गरेर कतिपय नेता कार्यकर्तामा उपभोक्तावादी र विलासी शैली बढेको, सीमित व्यक्तिहरूमा आर्थिक विचलन समेत देखा परेको, एकाध व्यक्ति यौनजन्य विकृतिमा समेत सहभागी भएको, समयमै त्यसमा कानुनी र पार्टीगत कार्बाही नहुँदा जनतामा नकारात्मक असर परेको, आधारभूत जनतासँगको सम्बन्ध कमजोर बनेको जस्ता कमजोरीहरू औंल्याइएका छन्।

**पार्टी अनुशासन, जीवनशैली र आचरणमा सुधार गर्न देहायका विषयमा ध्यान दिनु आवश्यक छ:**

१) **सम्पत्ति छानबिन र आर्थिक पारदर्शिता**: पार्टीका तर्फबाट लाभको पद (प्रधानमन्त्री, मन्त्री, सांसद, स्थानीय जनप्रतिनिधि र राजनीतिक नियुक्ति) जाने सबै व्यक्तिको सम्पत्ति सार्वजनिक हुनुपर्दछ र र कमजोरी देखिएमा अनुशासनात्मक कारवाही गर्नुपर्दछ। यस विषयलाई पार्टीले व्यवस्थित नीति तथा कार्ययोजना बनाएर सम्वोधन गर्नु पर्दछ।

२) **पार्टी स्रोतको स्वच्छता**: हाम्रो पार्टी कार्यकर्ता लेबी र समर्थक-शुभेच्छुकहरूको सहयोगमा चलेको पार्टी हो। पछिल्लो समयमा पार्टीले लिने चन्दा र सहयोगका सन्दर्भमा कतिपय प्रश्न

उठ्ने गरेको र त्यसको असर कार्यकर्तापङ्क्तिमा परेको देखिन्छ । तसर्थ पार्टीले औचित्य पुष्टी गर्न नसकिने सहयोग नलिने पार्टी नीतिलाई स्पष्ट गरिनु पर्दछ ।

३) **शक्तिशाली अनुगमन प्रणालीको विकासः** पार्टीका नेता र कार्यकर्ताहरूमाथि उठेका आर्थिक एवं चारित्रिक प्रश्नहरूको निष्पक्ष छानविन गरी सफाइ वा कारवाहीको व्यवस्थित प्रणाली स्थापित गर्नका लागि शक्तिशाली अनुगमन प्रणालीको विकास गर्नुपर्दछ ।

५) **कमरेडली भावना र पार्टी संस्कृतिको विकासः** पार्टीका सबै सदस्य समान हुन् भन्ने पार्टी भावनाको विकास आवश्यक छ । यसका लागि कमरेडली भावनासहितको पार्टी संस्कृतिको विकासमा जोड दिनुपर्दछ । पार्टी नेतृत्वप्रतिको आदर र सम्मान स्वभाविक पक्ष हो । तर त्यो भक्तिभावको तहमा विकास हुन दिनु हुँदैन । पार्टीका नेता र कार्यकर्तामा सहज ढंगले आफ्ना कुरा खुलाखुलस्त रूपमा राख्ने, छलफल र बहस गर्ने वातावरण सिर्जना गरिनु पर्दछ ।

## परिच्छेद ९ः

## पार्टीमा सुधार, सुदृढीकरण र पुनर्जागरण

निर्वाचन समीक्षा र पार्टी पुनर्गठनको कार्ययोजना तयार गर्न पार्टीको सचिवालयको बैठकले कार्यदल गठन गर्ने निर्णय गरेपछि भएका छलफलहरू पार्टी पुनर्गठनको विषयमा केन्द्रित हुन पुगे । छलफलको क्रममा पुनर्गठनको आवश्यकता, यसलाई व्यक्ति केन्द्रित गर्न नहुने, समग्रतामा हेरिनु पर्ने र कतै यस्तो बहसले पार्टी विभाजन त गर्ने होइन भन्ने चिन्ता समेत प्रकट भएका छन् । यतिबेला नेतृत्वको रक्षामा जोड दिनुपर्दछ भनेर पुनर्गठनको औचित्य नरहेको तर्क समेत प्रस्तुत भएका छन् । कार्यदललाई पुनर्गठनको कार्ययोजना तयार गर्ने कार्यादेश प्राप्त भएका कारणले छलफलका क्रममा आएका सुझावहरूलाई सोही आधारमा प्रस्तुत गरिएको छ ।

पार्टीलाई अघि बढाउन पार्टीमा सुदृढीकरण, रूपान्तरण र पुनर्जारण अपरिहार्य छ । पुराना दलहरूले नयाँ पुस्ताको भावना र मागको सम्वोधन गर्न सक्तैनन् भन्ने जबर्जस्त निर्माण गरिएको भाष्यले नयाँ पुस्तालाई पार्टीबाट टाढा पुऱ्याएको छ । यो पार्टी र आन्दोलनको भविष्यका लागि गम्भीर चिन्ता र चुनौतीको विषय हो ।

निर्वाचनमा पार्टीले व्यहोर्नुपरेको अकल्पनीय पराजय र खस्किएको जनमतलाई शिक्षा र पुनर्जागरणको सङ्कल्पका रूपमा ग्रहण गर्दै गरी पार्टीलाई जनस्तरमा पुनःस्थापित गर्नु आवश्यक छ । आमनिर्वाचनपछि पार्टीपङ्क्तिको खस्केको मनोवल उकास्न र निस्क्रिय बनेका कमिटीहरूलाई पुनः क्रियाशील बनाउनका लागि कार्यकर्ता पंङ्क्तिमा नयाँ आशा र उर्जा भर्नुपर्ने देखिन्छ । त्यसका लागि पार्टीको नीति, विधि र संरचनागत सुदृढीकरण समेत गर्नु आवश्यक देखिन्छ ।

यतिबेला हामी एकपटक पुनः पछि फर्केर आफैलाई र हामीले मिलेर सामूहिक रूपमा गरेको कामलाई समीक्षात्मक कोणबाट हेर्नुपर्ने ठाउँमा उभिएका छौँ । भनिन्छ, इतिहासले कसैलाई सिक्न बाध्य गर्दैन, तर इतिहासबाट सिक्न नसक्नेलाई सजायँ दिन्छ । सायद हामीले जनताबाट गएको निर्वाचनमा यही शिक्षा पाएका छौँ ।

जननेता मदन भण्डारीले इतिहासको यथार्थ समीक्षा गरौं, सकारात्मक पक्षको सम्मान गरौं भन्ने आफ्नो आलेखमा समीक्षाको महत्वको बारेमा उल्लेख गर्नुभएको छ- 'विगतबाट राम्ररी शिक्षा ग्रहण नगरी अहिलेका कामहरूलाई ठीक ढंगले अघि बढाउन सकिन्न र भविष्य निम्ति पनि यथासम्भव सही विचार र दृष्टिकोणहरू निर्माण गर्न सकिन्न। त्यसकारण हामीले हिजोको मूल्याङ्कन पनि प्राथमिक महत्वकासाथ गर्नुपर्दछ।'

जननेता मदन भण्डारीको उक्त दृष्टिकोणका आधारमा हेर्ने हो भने अहिलेको संकट र चुनौतीपूर्ण परिस्थितिबाट पार्टीलाई माथि उठाउनका लागि पार्टी र सरकारको कामको समीक्षा गर्नु आवश्यक छ। त्यसलाई कुनै पनि बहानामा उपेक्षा गर्नु हुँदैन।

आमनिर्वाचनमा पार्टीले व्यहोर्नुपरेको अकल्पनीय पराजय पार्टी जीवनको सबैभन्दा गम्भीर विषय हो। गम्भीर धक्का र असफलता पछिको अवस्थालाई गम्भीर रूपमा लिनुपर्दछ। प्रतिष्पर्धा, पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने जबजको पार्टी जीवनको लोकतान्त्रिकरणको नीतिबाट निर्देशित पार्टीले यसप्रकारको परिस्थिति सिर्जना हुनुको वस्तुगत कारणको खोजी गर्नुपर्दछ। यसलाई निर्वाचनको समयको योजना, तयारी र परिणामसँग मात्र जोडेर हेर्नु हुँदैन। कुनै पनि घटना र परिणामका पछाडि तात्कालिक परिस्थिति, त्यसपूर्वका काम र क्रियाकलापको योग रहेको हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्नुपर्दछ। त्यसअर्थमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नेपालको कम्युनिष्ट आन्दोलनले हासिल गरेको सफलता र उत्कर्ष तथा निर्वाचनमा भएको इतिहासकै कमजोर पराजयसम्मका समग्रपक्षको वस्तुनिष्ठ समीक्षा गर्नु पर्दछ।

वास्तवमा पार्टी अध्यक्षको नेतृत्वमा नेपालको राजनीतिमा हावी हुन खोजिरहेका हिंसा एवं जातिवाद र क्षेत्रीयवादमा आधारित विग्रहकारी एजेण्डाहरूको प्रतिवाद गर्ने कुरामा महत्वपूर्ण सफलता हासिल भएको हो। उहाँकै नेतृत्वमा एकपटक असफल भएको संविधानसभाको दोस्रो निर्वाचन गरेर संविधान निर्माण गर्ने कुरामा सफलता हासिल भएको हो। उहाँकै नेतृत्वमा संविधान जारी गर्ने कुरामा रोक लगाउन खोज्ने बाह्य हस्तक्षेप र संविधान जारी भएपछि लगाइएको अघोषित नाकाबन्दीको डटेर सामना गर्दै त्यसलाई असफल बनाउने काम भएको हो। उहाँकै नेतृत्वमा उत्तरी छिमेकी चीनसँग व्यापार पारवहन सम्झौता गरेर नेपाललाई भूपरिवेष्ठित राष्ट्रबाट भूजडित राष्ट्र बनाउने कुरामा सफलता प्राप्त भएको हो। भूकम्पपछिको पुननिर्माण, कोभिड महामारीको सामना, पूर्वाधार विकास र सामाजिक न्याय र सुरक्षाको विस्तारमा समेत महत्वपूर्ण सफलता हासिल भएको हो। दैलेखको ग्याँस खानी र धौवादीको फलाम खानीको अन्वेषण र मुस्ताङको युरेनियम खानीको खोज उक्त समयका युगान्तकारी महत्वका उपलब्धी हुन्। २०७४ सालको आमनिर्वाचनमा वामगठबन्धन बनाएर प्राप्त गरेको सफलता नेपालको कम्युनिष्ट आन्दोलन तथा हाम्रो पार्टी जीवनको सबैभन्दा ठूलो उपलब्धी थियो।

तर सोही समयमा नेकपा (एमाले) र नेकपा (माओवादी) बीच पार्टी एकता गरी बनेको नेकपा आफैंभित्रको अन्तरसङ्घर्षमा फसेर विघटन हुनु, अदालतबाट पुनर्स्थापित भएको नेकपा (एमाले)मा विभाजन आउनु नेपालको कम्युनिष्ट आन्दोलनको भविष्यलाई गम्भीर असर पुऱ्याउने घटना बन्न पुगे। दुई-दुई पटकको संसद विघटनको कानुनी औचित्य स्थापित हुन नसक्नुजस्ता कुराले पनि पार्टी जीवनमा असर पर्न गयो। २०७९ को आमनिर्वाचनमा ६ दलीय गठबन्धनको सामना गरेर प्राप्त गरेको उपलब्धि कमजोर थिएन। त्यसलाई पार्टीले जनताको रोजाइको पहिलो पार्टी भनेर विश्लेषण समेत गरेको

थियो । तर त्यसपछि भएका बारम्बारका सत्ता समीकरण परिवर्तनले नेकपा (एमाले)को छविमा प्रश्न उत्पन्न हुने स्थिति सिर्जना भयो ।

शान्तिपूर्ण र संवैधानिक बाटोबाट समाजवादमा पुग्ने राजनीतिक कार्यदिशा अन्तर्गतको वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्षको स्वरूप कस्तो हुन्छ भन्ने कुरामा लामो समयदेखि पार्टीको खासै ध्यान पुग्न सकेन । सरकारका माध्यमबाट जनताका काम गर्ने र त्यसका आधारमा जनआधार विस्तार गर्ने कुरा नजानिँदो ढंगले पार्टीपङ्क्तिको कार्यशैली बन्न पुग्यो । प्रहरी-प्रशासनको सहयोग जनकार्यका लागि अनुकूल हुँदासम्म त्यसको प्रभाव एकहदसम्म सकारात्मक समेत देखियो । तर समयक्रममा यसप्रकारको कार्यशैलीले जनताका बीचमा जाने, जनतासँग सम्वाद गर्ने र जनताको समस्या समाधानका लागि अग्रसरता लिने पार्टीको असल परम्परा कमजोर हुँदै गयो । पालिका र वडातहका समस्याको समाधानका लागि दुईतीन तहलाई क्रस गरेर सोझै पार्टी केन्द्रमा धाउने र अध्यक्ष-महासचिवलाई भेटेर समस्याको समाधानका लागि आग्रह गर्ने स्थिति उत्पन्न भयो । नेतृत्वले पनि सोहीअनुसार समस्याको समाधानमा चासो देखाउन पुग्दा त्यो प्रवृत्ति विस्तार भएर आम बन्न पुग्यो । यसबाट पार्टीको बलियो सङ्गठनात्मक प्रणाली र आधार क्रमशः कमजोर हुन पुग्यो । चुनावका समयमा पार्टीपङ्क्तिले किन जनताको बदलिएको मनस्थित बुझ्न सकेन ? किन पार्टीपङ्क्ति पटकपटक आधारभूत तहका जनताका बीचमा जानुपर्ने पार्टी निर्देशनलाई सफलतापूर्वक कार्यान्वयन गर्न सफल भएन भन्ने कुरालाई यसै परिप्रेक्षमा हेर्नु र बुझ्नुपर्ने हुन्छ ।

वास्तवमा हाम्रो पार्टी विश्व कम्युनिष्ट आन्दोलमा अभुतपूर्व धक्का समयमा समेत राष्ट्रिय राजनीतिक प्रमुख शक्ति बन्न सकेको थियो । यसको मुख्य आधार जननेता मदन भण्डारीको नेतृत्वमा जबजको निर्माण र त्यसको मार्गदर्शनमा अघि बढ्नु हो । जबजलाई नेपालको कम्युनिष्ट आन्दोलन र राष्ट्रिय राजनीतिमा स्थापित गर्न र विकास गर्न पनि पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीको महत्वपूर्ण भूमिका छ । जबज अन्तरगत क्रान्तिपूर्वको सरकारले कस्तो कार्यनीति अवलम्बन गर्नुपर्दछ भन्ने कुरामा उहाँको नेतृत्वमा पार्टीले नीतिहरूको संश्लेषण गरेको थियो । जबजको पार्टी निर्माणसम्बन्धी दृष्टिकोणका आधारमा पार्टी जीवनको लोकतान्त्रिकरणको नीति पनि उहाँकै संयोजनमा बनेको हो । तर पार्टी नेतृत्वको बलियो सरकारका समयमा जबजको अवधारणाअनुरूप शिक्षा, स्वास्थ्य र रोजागारीका क्षेत्रमा जसरी काम अघि बढ्नु पर्दथ्यो त्यो हुन सकेन । भूमि समस्याको समाधानका सन्दर्भमा २०५१ सालमा ९ महिनाको छोटो अवधिमा उदाहरणीय काम भइसकेको अवस्थामा पछि यसमा अपेक्षित काम हुन सकेन । यद्यपि कानूनी र प्रशासनिक झमेलाले काममा समस्या उत्पन्न गरेको थियो । भूराजनीतिक चलखेल र पपुलिजमको बढ्दो प्रभावले जनताको भावना र असन्तोषलाई भड्काउने काम गरे । भदौ २३ र २४ को घटनालाई उपरोक्त सन्दर्भसँग जोडेर हेर्नुपर्दछ ।

निश्चय नै भदौ २३ र २४ पछि उत्पन्न भएको परिस्थितिलाई सामना गर्नका लागि नै पार्टीले समय अगावै महाधिवेशन गरेको थियो । महाधिवेशनको सफल आयोजनापछि पार्टीको आन्तरिक जीवनको समस्या समाधान भएको निष्कर्ष निकालिएको थियो ।

भदौ २३ र २४ को घटनालाई षड्यन्त्रपूर्ण घटनाका रूपमा स्थापित गर्न नसक्दा स्वभाविक रूपमा त्यो नवयुवाहरूको पहलमा भएको राजनीतिक विद्रोह जस्तो गरी स्थापित हुन पुग्यो । नेपालका लोकतान्त्रिक दलहरूले मिलेर भदौ २३ र २४ को घटनालाई षड्यन्त्रका रूपमा स्थापित गर्ने सकेको भए सायद अहिलेको अवस्था भन्दा फरक परिणाम आउन सक्दथ्यो । तर त्यसो हुन सकेन ।

यस्तो अवस्थामा सम्पन्न निर्वाचन नेकपा (एमाले)का पक्षमा हुन सक्दैनथ्यो । यद्यपि पार्टीपङ्क्तिले प्रतिकूल अवस्थामा निर्वाचनलाई आफ्नो पक्षमा ल्याउनका लागि हदैसम्मको कोशिस गरेको देखिन्छ ।

निर्वाचनमा सामाजिक संजाल र डिजिटल एल्गोरिदममार्फत नेकपा (एमाले) र यसको नेतृत्वका विरूद्धमा योजनावद्ध रूपमा चलाइएका दुष्प्रचारको पनि उल्लेख्य प्रभाव रहेको कुरा माथि नै उल्लेख भइसकेको छ । पपुलिष्ट शक्तिहरू भदौ २३ र २४ को नवयुवाहरूको 'आन्दोलन'को भावनाको समेत नेतृत्व गर्न सफल भएका कारणले निर्वाचनमा हाम्रो पङ्क्ति रक्षात्मक र उनीहरू आक्रमक अवस्थामा रहे । त्यसमाथि बाह्य भू-राजनीतिक स्वार्थ समूहहरूको अदृश्य घेराबन्दीले समेत निर्वाचनको परिणामलाई प्रभावित गरेको देखिन्छ ।

तर यी सबै तथ्यका बाबजुद हाम्रा आफ्ना कमजोरीहरू समेत पार्टी र आन्दोलनका लागि प्रतिकूलता सिर्जना गर्ने कारण बनेको तथ्यलाई बिर्सनु हुँदैन ।

कार्यदलको सुझाव संकलनका क्रममा १३ वटा समूहबाट प्राप्त सुझावका आधारमा चुनावी हारका कारणहरूको विस्तृत विश्लेषण गरिएको छ । संविधानसभाको समयमा प्रत्यक्ष बाह्य हस्तक्षेप हुँदा समेत जनताको प्रत्यक्ष सहभागिता र समर्थनमा त्यसलाई असफल बनाउन सकिएको र अहिले अदृश्य रूपमा गरिएको षड्यन्त्र असफल पार्न नसक्नुका अन्तरनिहित कारणहरूको निर्क्यौल हाम्रा लागि ज्यादै महत्वपूर्ण छ । पार्टीले यो पक्षलाई आत्मसात गरेर जनतासँगको भावनात्मक सम्बन्धलाई कसरी बलियो बनाउने भन्ने कुरामा आफ्नो ध्यानकेन्द्रित गर्नुपर्दछ ।

सूचना र प्रविधि विकास विशेषगरी स्मार्टफोन प्रयोगसँग हुर्किएका ३० वर्षमुनिका नवयुवाहरू प्रविधि, द्रुत अवसर र पारदर्शी कार्यशैली चाहन्छन् । उनीहरूमा पुरानो पुस्ताभन्दा आफ्नो पुस्ता खास भएको मनोविज्ञान विकास भएको छ । ग्रामीण युवाहरूको कृषिबाट अलगाव,सहरतर्फ बसाइसराइँ, शिक्षित बेराजगारीको समस्या, रोजगारीको खोजीमा वाह्य प्रवासन जस्ता प्रवृत्तिबारे माथि नै चर्चा भइसकेको छ । शिक्षामा नीजि क्षेत्रको प्रवेश र त्यसप्रतिको अभिभावकहरूको आकर्षणका कारणले विद्यार्थी राजनीतिका माध्यमबाट इतिहास, समाज व्यवस्था र राजनीतिका बारेमा प्राप्त हुने सहज ज्ञान र आवद्धता समेत कमजोर हुँदै गयो । नीजि विद्यालयहरूले राम्रो अंक ल्याएर विदेशमा पढ्न जान पाइन्छ भन्ने कुरालाई मोटिभेसनको प्रमुख विषय बनाए । विश्वविद्यालय शिक्षाबाट प्रवीणता तह हटाएसँगै विद्यार्थी आन्दोलन समेत कमजोर बन्दै गयो । नीजि विद्यालयले भाषा शिक्षा र विदेश जाने अवसरका लागि विदेशी दुतावासहरूसँग सहकार्य गर्ने नीति लिए । दुतावासहरूले पनि यसलाई आफ्नो हितअनुकुल प्रयोगको योजना बनाए । मूलधारको राजनीतिबाट युवाहरूलाई विमुख गर्ने कुरामा दुतावासहरूले दीक्षित गरेका युवा र युथ काउन्सिलहरूको भूमिका महत्वपूर्ण देखिन्छ । त्यसमाथि सूचना प्रविधिको प्रयोग गरेर पूँजीवादी साम्राज्यवादीहरूले आफ्नो विपक्षको सरकार र सत्ता परिवर्तनका लागि सुरू गरेको कथित कलर रिभुलुशनको प्रभावसमेत नेपाली राजनीति र युवापुस्तामा पर्न गएको देखिन्छ । यस प्रकारको काममा 'डिप स्टेट'को प्रयोग समेत हुनपुगेको देखिन्छ ।

२०७९ मा भएको आमनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका नाममा पपुलिष्टहरू सङ्गठित रूपमा चुनावमा होमिए । यस चुनावबाट युवाहरूको रूझान उनीहरूतर्फ ढल्कियो । यो स्थितिको विश्लेषण गरेर पार्टीले नवयुवाहरू बीचको पार्टी काममा निरन्तर जोड दिँदै आएको छ । तर पार्टीको निर्देशनअनुरूप युवापङ्क्तिलाई पार्टी राजनीतितर्फ आकर्षित गर्न सकिएको छैन । युवा परिचालनका सन्दर्भमा पार्टीले मिसन ग्रासरूट अभियानमा हरेक वडामा १० युवा पहिचान गरी नेतृत्व विकासको तालिम दिने र पार्टी

राजनीतिमा जोड्ने नीति अघि सारेको थियो। त्यसपछि पुनः पार्टीले हरेक गाउँपालिकामा १०० जना, नगरपालिकामा १५० जना, उपमहानगरपालिकामा २०० जना र महानगरपालिकामा २५० युवा पहिचान गरी नेतृत्व विकासको तालिम दिने र पार्टी राजनीतिमा जोड्ने नीति अघि सार्‍यो। ती नीतिहरू पनि लागू हुन सकेनन्।

त्यसपछि पार्टीले युवाको बीचमा काम गर्नका लागि युवा नेतृत्व चाहिन्छ भन्ने महसुस गरेर कमिटीमा युवा आरक्षणको नीति अघि सार्‍यो। यसअन्तर्गत प्रदेश कमिटीमा १० प्रतिशत, जिल्ला कमिटीमा १५ प्रतिशत, पालिका कमिटीमा २० प्रतिशत र वडा र सोभन्दा तल्ला कमिटीहरूमा ३३ प्रतिशत ४० वर्ष मुनिका युवा सहभागिता सुनिश्चित गर्ने गरी आरक्षणको व्यवस्था गर्‍यो। पार्टीको एघारौँ महाधिवेशनमा प्रतिनिधि चयन र नेतृत्व चयनमा समेत आरक्षणको व्यवस्था गर्‍यो। तर पनि गएको आमनिर्वाचनमा युवा अभिमत हाम्रो पार्टीका पक्षमा रहेन। यी तथ्यहरूले युवा सहभागिताका सन्दर्भमा युवा मनोविज्ञान बुझेर थप काम गर्नु पर्ने देखिन्छ । त्यसमा प्रतिनिधि बन्न र कमिटीमा सदस्य तथा पदाधिकारी बन्नका लागि निर्धारित गरिएको मापदण्डमा थप लचकता ल्याउनु पर्ने देखिन्छ।

डिजिटल एल्गोरिदम र पर्सेप्सन म्यानेजमेण्टको कसरी प्रयोग गरिन्छ र त्यसले कसरी काम गर्दछ भन्ने विषयमा केन्द्रीय निर्वाचन आयोगले तयार गरेको निर्वाचन समीक्षा प्रतिवेदनमा विस्तृत रूपमा चर्चा गरिएको छ। त्यसलाई पाठ्यसामाग्रीका रूपमा प्रयोग गरेर पार्टीपङ्क्तिलाई दीक्षित गर्नुपर्दछ।

कम्युनिष्ट पार्टी निर्माणको सबैभन्दा महत्वपूर्ण आधार भनेको त्यो मुलुकमा विद्यमान असमान आर्थिक सामाजिक व्यवस्था नै हो। जुन समाजमा उत्पीडित वर्ग र समुदायको संख्या उल्लेख्य मात्रामा हुन्छ र राज्य ती समुदायको हित र सरोकारको विपक्षमा उभिएको हुन्छ। ती मुलुकहरूमा उनीहरूको मुक्तिको लागि कम्युनिष्ट पार्टीको निर्माण अपरिहार्य बन्न पुग्दछ। नेपालमा श्रमजीवी वर्ग र किसानहरू हित र सरोकारलाई केन्द्रबिन्दूमा राखेर नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो र सोही उद्देश्यअनुरूप पार्टीले काम गर्दै आएको छ। नेपालको कम्युनिष्ट आन्दोलनले निरन्तर रूपमा लैंगिक असमानता, जातीय विभेद र छुवाछूतजस्ता सामाजिक विभेदका विरूद्धमा जनतालाई सङ्गठित र आन्दोलित गर्दै आएको छ। नयाँ विचार र आन्दोलनको विकासका लागि किसान, महिला, ट्रेड युनियन, विद्यार्थी र युवाहरूका बीचको काममा विशेष जोड दिँदै आयो। पेसाकर्मी र प्रवासी श्रमिकहरूको पक्षमा पार्टीले खेलेको भूमिकाका कारणले उनीहरूको साथ र समर्थन पार्टीलाई लामो समयदेखि प्राप्त हुँदै आयो। उत्पीडित वर्ग र समुदायका पक्षमा पार्टी नेतृत्वको सरकारले गरेका राम्रा कामका कारणले दुर्गम र पिछडिएको ग्रामीण क्षेत्रमा पार्टीको विस्तार हुन पुगेको थियो।

यसरी नै पार्टीले आदिवासी जनजाति र अल्पसंख्यक समुदायको भाषा, संस्कृति र पहिचानको विषयलाई महत्वका साथ उठाउँदै आयो। सामन्ती शोषण, उत्पीडन र सामाजिक विभेद तथा कुरिती र कुसंस्कारका विरूद्धमा जनतालाई सचेत जागरूक र आन्दोलित गर्दै आयो। आजको बदलिएको नेपाली समाज नेपालको कम्युनिष्ट आन्दोलनले स्थापना कालदेखि उठाउँदै आएका मुद्दाहरूको परिणाम पनि हो। पार्टी सरकारमा आएपछि नै नेपालमा कमैया कमलरी र हलिया प्रथा अन्त्य भए। संविधानमा आवासको अधिकार स्थापित भएको छ। कोही भोकै नमरून् भन्ने उद्देश्यले खाद्य सम्प्रभुताको अधिकार पनि स्थापित भएको छ। भूमिहीन दलितका लागि एकपटक राज्यबाट जमिनको हक प्राप्त गर्ने मौलिक अधिकार समेत सुनिश्चित भएको छ। यसरी नै हाम्रो आन्दोलनका कारणले नै महिला अधिकार र लैंगिक समानताका दृष्टिकोणबाट विश्वमा नेपाल अग्रणी मुलुकमा गनिन्छ। छुवाछूत प्रथा कानूनतः दण्डनीय बनाइएको छ।

राज्यले नै छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको छ । जातीय विभेद र असमानता हटाउनका लागि संविधानतः समानुपातिक समावेशीताको नीति अवलम्बन गरिएको छ । यी हाम्रो आन्दोलनका महत्वपूर्ण उपलब्धी र सबल पक्ष हुन् । यसप्रकारको कामबाट पार्टीले ती वर्ग र समुदायको बलियो साथ र समर्थन समेत लामो समयसम्म पाउन सफल भयो । विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा रहँदा पनि नेपालमा कम्युनिष्ट आन्दोलन सत्ताको केन्द्र भागमा रहन सक्नुको कारण यसप्रकारको भूमिकाबाट वर्ग र समुदायको विश्वास जित्नु पनि हो ।

तर आमनिर्वाचन २०८२ सम्म आइपुग्दा आधारभूत समुदाय हामीबाट टाढिएको अवस्था छ । यसप्रकारको स्थिति किन उत्पन्न भयो ? किन श्रमजीवी वर्गबाट समेत हामीले अपेक्षित समर्थन प्राप्त गर्न सकेनौं भन्ने प्रश्नमा हामी घोत्लिनै पर्छ । यतिबेला निर्वाचनमा भएको हारपछि उत्पन्न भएको निराशालाई चिर्न र पार्टीपङ्क्तिको मनोबल उचो बनाउने उद्देश्यले पार्टीले पार्टी जागरण अभियान सुरू गरेको छ । विगतका पार्टी अभियानअन्तर्गत जनतामा जाने, जनताका कुरा सुन्ने र जनतासँग घनिष्ठ सम्बन्ध बनाउने पार्टी योजना अपेक्षित मात्रामा सफल हुन सकेका छैनन् । यस्तो स्थितिलाई पार्टीले गम्भीरतापूर्वक लिनुपर्दछ । आधारभूत वर्ग र समुदायसँग पार्टीको घनिष्ट सम्बन्ध कायम गर्ने कुरालाई योजनावद्ध र व्यवस्थित रूपमा अघि बढाउनु जरूरी छ ।

'जनताको बहुदलीय जनवाद' (जबज)को मार्गदर्शनमा समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशाअनुरूप समृद्ध नेपाल सुखी नेपालीको गन्तव्यमा पुग्नका लागि रोजगार र स्वरोजगारका अवसरहरू सिर्जना गर्ने हिसाबले दिगो आर्थिक विकासको मोडेल अघि सार्नुपर्दछ । पार्टीको जनआधार बलियो बनाउनका लागि पार्टीको वर्गदृष्टिकोण अनुरूपको वर्ग र समुदायआधारित वर्गीय एजेण्डामा जोड दिनुपर्दछ । श्रमजीवी वर्ग, किसान, भूमिहीन, सुकुम्बासी र साना उद्यमी तथा व्यवसायीका मुद्दाहरूलाई पार्टीको महत्वपूर्ण राजनीतिक एजेन्डा बनाउनुपर्छ । महिला, दलित, आदिवासी जनजाती र सीमान्तकृत समुदायको हित र सरोकारका विषयमा विशेष जोड दिनुपर्दछ । शिक्षा र स्वास्थ्यको तीव्र व्यापारीकरण रोक्दै आमनागरिकका लागि यी आधारभूत क्षेत्रहरूमा निःशुल्क र गुणस्तरीय शिक्षा र स्वास्थ्यको सहज पहुँच सुनिश्चित गर्ने नीति र कार्यक्रम ल्याउनुपर्छ । रोजगारी सिर्जनालाई केन्द्रबिन्दूमा राखेर दिगो आर्थिक विकासको मोडेल अघि बढाउनु पर्दछ । पार्टीका नेता-कार्यकर्ताहरू अनिवार्य रूपमा भूगोल (जनताको घरदैलो) मा पुग्ने र आधारभूत वर्ग र समुदायको दैनिक समस्या समाधानमा अग्रसर हुने परिपाटी बसाल्नुपर्छ । पार्टीका नेता कार्यकर्तालाई श्रम, कृषि, उद्यमशीलता र उत्पादनको कामसँग जोड्नु पर्दछ । स्वावलम्बी र आत्मनिर्भर बन्न प्रेरित गर्नुपर्दछ । आफू उदारहणीय बनेर अरूलाई पनि उत्पादन र उद्यमशीलताको काममा जोड्न प्रेरित गर्नुपर्दछ ।

जनतासँगको घनिष्ट सम्बन्ध विकासका लागि पार्टीका नेता र कार्यकर्ताका जीवनशैली र आचरणमा सुधार ल्याउनु पर्दछ । कम्युनिष्ट आदर्शअनुरूपको सादा जीवनशैलीमा जोड दिनुपर्छ । जनतासँगको सम्बन्ध विकासका लागि सरल र शिष्ट भाषाशैली अपनाउनु पर्दछ । जनतालाई मन नपर्ने बानी व्यवहारमा परिवर्तन ल्याउन सक्नुपर्दछ । नैतिक आचार र आर्थिक अनुशासनमा जोड दिनुपर्दछ । बहुसंख्यक जनता सामाजिक संजालमा आवद्ध हुँदै गइरहेको अवस्थामा सामाजिक संजालका माध्यमबाट पार्टी काम र गतिविधिहरूलाई जोड्नु पर्दछ । आमजनतासँगको भेटघाट, उनीहरूसँगको सम्वाद र उनीहरूसँगको घनिष्ट र मायालु व्यवहारलाई सामाजिक संजालका माध्यमबाट सम्प्रेषण गर्नुपर्दछ ।

उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकासमा योगदान पुग्ने आर्थिक विकासको मोडेल अघि सार्नुपर्दछ । समाजवादसम्म पार्टीको रणनीतिक उद्देश्यलाई साथ दिने प्रमुख आधार श्रमजीवी वर्ग नै हुन् । त्यसैले यतिबेला पार्टीको गुमेको जनआधार फर्काउनका लागि आधारभूत वर्ग र समुदायका बीचको काममा जोड दिनु पर्दछ ।

माथि हामीले जनतासँगको सम्बन्ध विस्तार र सुदृढीकरण, सङ्गठनात्मक क्षेत्र, पार्टी सम्बद्ध जनसङ्गठनहरूको सबलीकरण, सरकार र जनप्रतिनिधिको कामको क्षेत्र, वैचारिक र नीतिगत काम, अनुशासन, जीवनशैली र आचरण तथा पार्टी सुदृढीकरणका क्षेत्रमा देखा परेका समस्याहरू र अब गर्नु पर्ने कामहरूका सम्बन्धमा पार्टीव्यापी छलफलका क्रममा प्राप्त सुझावहरूलाई समेटेका छौँ । यी निष्कर्षहरू आफैमा दूरगामी महत्वका छन् ।

यस सन्दर्भमा पार्टीको राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को प्रथम बैठक (गोदावरी २०८१) ले निकालेका पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्न 'सङ्गठन सुदृढीकरण तथा शुद्धीकरण सम्बन्धी विशेष प्रस्ताव' का ७ वटा आधारभूत निष्कर्ष र दोस्रो विधान महाधिवेशन (गोदावरी २०८२) बाट पारित संगठनात्मक प्रस्तावमा उल्लेख गरिएका १४ वटा चुनौतीहरू स्मरणीय र सान्दर्भिक छन् । निर्वाचन परिचालन कमिटीको समीक्षा प्रतिवेदनले प्रस्तुत गरेको १० बुँदे प्रस्ताव पनि सान्दर्भिका छ- जसमा पहिलो अन्तरपुस्ता आबद्धतासहितको नेतृत्वको रूपान्तरण, दोस्रो सङ्गठनात्मक पुनर्संरचना, तेस्रो उम्मेद्वार छनोटको नयाँ मापदण्ड, चौथो युवाकेन्द्रित अभियान, पाँचौ जनमुखी अजेण्डा र सेवा अभियान, छैटौं जनप्रतिनिधिको जवाफदेहिता, सातौं अनुशासन, पारदर्शिता र आन्तरिक लोकतन्त्र, आठौं डिजिटल सङ्गठन र प्रभावकारी प्रचार, नवौं कार्यकर्ता सुदृढीकरण र प्रशिक्षण तथा दशौं विजयको लक्षसहितको जनपरिचालन रहेका छन् । कार्यदलको सुझाव संकलनका क्रममा उठेका विषयहरू पनि यसैको सेरोफेरोमा रहेका छन् ।

पार्टीले व्यापक छलफलका क्रममा प्राप्त माथि उल्लेखित सुझावहरूलाई आगामी दिनमा पार्टी सुदृढीकरण र पुनर्जागरणका लागि सङ्कल्पका रूपमा ग्रहण गर्नुपर्दछ ।

## कार्यदलको समीक्षा र सिफारिस

## शुद्धीकरण, सुदृढीकरण र रूपान्तरणका लागि ३९ सङ्कल्प

जनतासँगको सम्बन्ध विस्तार र सुदृढीकरण, सङ्गठनात्मक क्षेत्र, पार्टी सम्बद्ध जनसङ्गठनहरूको सबलीकरण, सरकार र जनप्रतिनिधिको कामको क्षेत्र, वैचारिक र नीतिगत काम, अनुशासन, जीवनशैली र आचरण तथा पार्टी सुदृढीकरणका क्षेत्रमा देखा परेका समस्याहरू र अब गर्नु पर्ने कामहरूका सम्बन्धमा पार्टीव्यापी छलफलका क्रममा प्राप्त सुझावहरूलाई समेटेर ३९ वटा महत्वपूर्ण निष्कर्षहरू निकालेका छौँ ।

**कमरेडहरू,**

पुनर्गठनको बहसमा नेतृत्वको प्रश्न पनि गंभीरतापूर्वक नै उठेको यथार्थ हो । इतिहासमा कुनै पनि नेतृत्वको विषय बहस भन्दा माथि हुँदैन र हाम्रोमा पनि छैन । प्रश्न उठेपछि हामीले यसको निराकरण महाधिवेशनको लोकतान्त्रिक विधि मार्फत् गरिसकेका छौँ । तर हामीले बुझ्नु पर्दछ- भदौ २३/२४ र त्यसलाई बैधता दिन आयोजित निर्वाचनको परिणाम व्यक्ति विशेषका कमजोरीका कारण सिर्जित होइन । राष्ट्रियता, लोकतन्त्र, सामाजिक सद्भाव र राष्ट्रिय एकता एवं जनताको श्रीवृद्धि एवं समृद्धि सम्बन्धी हाम्रा नीतिहरू, यस सम्बन्धमा हामीले लिएका निश्चित अडान, खेलेको भूमिका र राष्ट्रिय राजनीतिमा हाम्रो उपस्थिति अस्थिरताका संवाहक शक्तिहरूका लागि पाच्य भइरहेको थिएन । हामीलाई विस्थापित गर्ने प्रयास विगतमा पनि भएका थिए, हामीले तिनलाई परास्त गर्दै आएका थियौँ । तर यस पटक हाम्रा विरूद्ध गरिएको छद्म आक्रमणको बेग पनि सोचे भन्दा बढी थियो र त्यसमा हाम्रा केही कमजोरीहरूले सहयोगी भूमिका खेले ।

भदौ २३/२४ को घटनापछि विभिन्न राजनीतिक दलहरूले त्यसको प्रभावको सामना गर्न र नेतृत्व बारेमा उठेका प्रश्नको निर्क्यौल गर्न विभिन्न नीति अवलम्बन गरे । हामीले अर्ली महाधिवेशन मार्फत् नेतृत्वको पुनःअनुमोदनको बाटो अवलम्बन गऱ्यौँ । नेपाली काङ्ग्रेसमा 'पुरानो नेतृत्वलाई लिएर चुनावमा जान सकिँदैन' भन्ने बहस उत्पन्न भयो र ऊ 'विशेष महाधिवेशन' मार्फ्त नयाँ नेतृत्व चयन गरेर चुनावमा गयो । नेकपा (माओवादी- केन्द्र)ले पुरानो पहिचानलाई नै बदलेर विभिन्न समूहसँग 'पार्टी एकता' गरेर नयाँ आवरणसहित निर्वाचनमा सहभागी भयो । मधेसी दलहरू मोर्चा बनाएर निर्वाचनमा होमिए भने केही व्यक्तिहरूले 'नयाँ दल' को नाममा निर्वाचनमा भाग लिए । तर निर्वाचनमा यी सबै प्रयोगहरू असफल भए । त्यतिबेलाका सत्तारूढ पार्टीहरू मात्रै होइन, विपक्षी र सधैंभरि प्रतिपक्षमा रहेका दलहरू समेत निर्वाचनमा पराजित भए । किनभने यो कुनै पार्टी विशेष या नेता विशेष विरूद्धको आक्रमण थिएन, नेपालले सुरू गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र, जनताबाट निर्मित संविधान मार्फत् शासित हुने नयाँ युग, राष्ट्रिय स्वाधीनता र सार्वभौमसत्ताको साँचो उपयोग तथा प्रगतिशील एवं लोकतान्त्रिक प्रणालीको कोर्स परिवर्तन गर्ने पश्चगामी योजनाको कडी थियो । तत्कालीन अवस्थामा हामी सरकारको नेतृत्वमा भएको र यस घटनाको प्रतिवादमा अग्रणी मोर्चामा उभिएका कारण प्रहारको निशानामा हामी परेको भए पनि लोकतन्त्र, राष्ट्रियता र संविधानका पक्षधर सबै शक्तिले यस निर्वाचनमा क्षति बेहोर्नु परेको छ । हामीले निर्वाचनको परिणामलाई यसै वृहत्तर परिप्रेक्ष्यमा हेर्नुपर्छ र राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको रक्षाका लागि पुनःअग्रमोर्चामा उभिनु पर्दछ ।

यथास्थितिवादी पार्टीहरू र परिवर्तनकारी पार्टीहरूमा नेतृत्वको प्रश्न एउटै र उस्तै होइन। यथास्थितिवादी पार्टीहरूका लागि नेतृत्वको प्रश्न मूलतः व्यवस्थापकीय प्रश्न हो, किनभने उनीहरूले सचेतनतापूर्वक आन्दोलनको नेतृत्व गर्नु पर्दैन। तर एउटा क्रान्तिकारी पार्टीको नेतृत्व भने केबल साङ्गठनिक विषय नभएर वैचारिक विषय पनि हो।

अर्कोतिर वुर्जुवाहरू जनतामा झुठ छर्छन्, भ्रम फैलाउँछन् र सङ्गठनको बलमा भन्दा पनि पपुलिज्मको बलमा राजनीति गर्छन्, चुनाव जित्छन्। यसका लागि सङ्गठन त्यति अपरिहार्य हुँदैन। तर कम्युनिष्ट पार्टीले जनतालाई सत्यबारे शिक्षित र सचेत पारेर तथा सङ्गठनको बलमा आन्दोलनलाई अगाडि बढाउनु पर्दछ। यसले नेतृत्वको बेग्लै गुणको माग गर्दछ।

बनिबनाऊ राज्य संयन्त्र आम रूपमा यथास्थितिको पक्षमा र परिवर्तनको विपक्षमा उभिएको हुन्छ। यथास्थितिवादीहरूलाई उक्त राज्यसंयन्त्रको सुविधा प्राप्त हुन्छ, तर परिवर्तनकारी शक्तिहरूले त्यसको असहयोगका बिचमा समेत काम गर्नु पर्ने हुन्छ। यसका निम्ति सङ्घर्षको बिचबाट स्थापित नेतृत्व, क्षमता र विश्वसनीयता समेत अपेक्षित हुन्छ। यो उपलब्धता र तुलनात्मकता भित्रको छनोटको प्रश्न हो। यसको पनि आवधिक विधि हुन्छ। यी प्रश्नलाई गंभीरतासाथ बोध नगरी बुर्जुवा वा पपुलिस्ट नेतृत्व निर्माणको प्रक्रिया र हाम्रो पार्टीको नेतृत्व निर्माणको प्रक्रियालाई छ्यासमिस गरेर हेर्नु हुँदैन।

निर्वाचनमा भएको हारले पार्टी जीवनमा गम्भीर धक्का लागेकै छ। तर यस प्रकारको प्रतिकूल अवस्थाका वावजुद पार्टीले प्राप्त गरेको १४ लाख मत पार्टी पुनर्जारणको महत्वपूर्ण आधार हो। प्रस्तावित पुनर्जागरणको सङ्कल्प र कार्ययोजनालाई प्रभावकारी ढंगले अघि बढाउने हो भने पार्टीलाई वैचारिक, राजनीतिक र सांगठनिक रूपमा एकताबद्ध बनाउँदै पार्टीलाई राष्ट्र निर्माणको निर्णायक शक्तिमा बदल्न सकिन्छ। पपुलिज्म, अनार्किज्म र अपरचुनिजमका माध्यमबाट मुलकमा स्वेच्छाचारी र अधिनायकवादी शासनको अभ्यास गर्दै भूराजनीतिक स्वार्थअनुरूप राष्ट्रको सर्वभौमिकता, संविधान र लोकतन्त्र तथा कम्युनिष्ट आन्दोलनका विरूद्ध भइरहेको षड्यन्त्र र चुनौतीलाई सामना गर्नका लागि नेकपा (एमाले) छिटोभन्दा छिटो सबल र सुदृढ हुनु आवश्यक छ। नेकपा (एमाले)को नेतृत्वमा नेपाल राष्ट्रलाई पुनः संविधानवाद र लोकतन्त्रको दिशामा फर्काउदै जबजको मार्गदर्शनमा समृद्ध नेपाल सुखी नेपालीको गन्तव्यमा राष्ट्रलाई डोऱ्याउन सम्भव हुनेछ।

नोट-

- प्राप्त सयौँ सुझावहरूमध्ये मुख्य बुँदाहरूलाई यस प्रतिवेदनमा समेटिएको छ।
- अरु सुझावहरू पार्टीमा व्यवस्थित र अभिलिखित रूपमा सुरक्षित छन्।
- ती मध्ये केहीले थप छलफलको माग गर्छन् भने कतिपय व्यवहारमा कार्यान्वयन हुँदै जानेछन्।